म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ७ आइतबार २१ साउन २०८० ने. सं. ११४३ अनलागा 6 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चोरीको मोटरसाइकलसहित तीन जना पक्राउ

हेटौंडा, २० साउन/मकवानपुरको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालका वडा नम्बर ५ मसानेबाट चोरीको मोटसाइकल सहित तीनजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा बकैया गाउँपालिका-४ पाड्दुरे बस्ने १८ बर्षीय निरोज गोले, २० बर्षीय बिशाल वाईबा र सोही वडाको माझीखोला बस्ने १८ बर्षीय मनोज तामाङ रहेका छन् । बकैया गाउँपालिका-५ मसानेस्थित भित्रि सडकमा हेटौंडाबाट मसानेतर्फ जाँदै गरेको प्रदेश २-०३-००९ प ३३९३ नम्बरको चोरीको मोटरसाइकलसहित तीनजनालाई अस्थायी प्रहरी पोष्ट गरगरेकको टोलीले पक्राउ गरेको हो । मोटरसाइकलसहित तीनै जनालाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

# प्रदेश राजधानीकै पाँच प्रतिशत नागरिक अँध्यारोमा

सरला खनाल

हेटौंडा, २० साउन/ देशमा ७ वटा प्रदेश छन् । तीमध्ये पनि सबैभन्दा ठूलो आर्थिक स्रोत भएको, विकासका दृष्टिकोणले पनि बागमती प्रदेशलाई अब्बल मानिन्छ ।

संघीय राजधानी काठमाडौं बागमती प्रदेशमै छ । बागमती प्रदेशको पनि राजधानी भने हेटौंडा उपमहानगरपालिका हो । २०७४ अघि राज्य पुन:संरचना हुँदा हेटौंडालाई अस्थायी राजधानी बनाइएको थियो । प्रदेशसभाबाट हेटौंडा २ वर्षपछि स्थायी राजधानी बन्न पुग्यो । प्रदेश राजधानी बन्नु अगाडि पनि हेटौंडा मध्यमाञ्चल विकास क्षेत्रको सदमुकाम थियो । निरन्तर सदरमुकाम र हाल प्रदेश राजधानी रहेको हेटौंडाका नागरिकका दु:ख भने अनेक छन् । हेटौंडाकै कर्रा र राप्ति खोला किनारका नागरिक वर्षा लागेपछि रातभर निधाउन पाउँदैनन् ।

नगरकै १५ नम्बर वडाको चिप्लेटी, बाँसघारी, शक्तिलगायतका नागरिकलाई बजार आउन बारा अमलेखगञ्ज जिल्लाको सडक प्रयोग गर्नुपर्छ । यतिसम्मकी चिप्लेटीमा करिब ३ वर्ष अघिसम्म स्वास्थ्यचौकी र निमावि तहसम्मको एउटा विद्यालयसमेत थिएन । नगरकै १९ नम्बर वडाका अधिकांश नागरिक चुन मिसिएको पानी पिउन बाध्य छन् । प्रदेश राजधानी निश्चित बजारक्षेत्रमा मात्रै सीमित छ । तर, पनि हेटौंडा उपमहानगरका जनप्रतिनिधिलाई प्रदेश राजधानीको अगुवा बन्नै हतारो छ । प्रदेश सरकारको पहिलो कार्यकाल अभ्यासमै बित्यो । दोस्रो कार्यकाल चलिरहँदा पनि हालसम्म हेटौंडामा प्रादेशिक संरचनाको सुरसार छैन ।

विश्वमा जलस्रोतकै दोस्रो धनी देश नेपाल । त्यसमा पनि मानवनिर्मित ठूलो जलाशय कुलेखानी






जलविद्युत आयोजना रहेको जिल्ला मकवानपुर । कुलेखानी पहिलो, दोस्रो, तेस्रो हेटौंडा नजिकैबाट सञ्चालित छ । तर, समग्र मकवानपुर र प्रदेशकै राजधानी हेटौंडाका नागरिक भने अझै अँध्यारोमा बस्न बाध्य छन् । प्रविधिको तीव्र विकासको गति र विद्युतीयकरणको अत्यावश्यकताका बीच प्रदेश राजधानी हेटौंडाकै ५ प्रतिशत नागरिक अझै अँध्यारोमा बस्न बाध्य छन् भन्दा धेरैलाई विश्वास नलाग्न सक्छ ।

नेपाल विद्युत प्राधिकरण, हेटौंडा वितरण केन्द्रको तथ्यांक अनुसार हेटौंडामा ५ प्रतिशत नागरिक विद्युतको पहुँच बाहिर छन् । उपमहानगरभित्र ९५ प्रतिशत विद्युत पुगेको हेटौंडा वितरण केन्द्रले जानकारी दिएको छ । हेटौंडामा १९ वटा वडा छन् । जसमध्ये २ र १० नम्बर वडामा ९९ प्रतिशत भन्दा बढी विद्युत विस्तार भएका छन् । उपमहानगरपालिका कार्यालय रहेकै २ नम्बर वडामा ९९ दशमवल ४० प्रतिशत विद्युत विस्तार भएको हेटौंडा वितरण केन्द्रका इन्जिनियर प्रतीक श्रेष्ठले जानकारी दिए । १० नम्बर वडामा ९९ प्रतिशत विद्युत विस्तार भएको केन्द्रको तथ्यांकले देखाएको छ ।

उपमहानगरभित्र १७ र १८ नम्बर वडा विद्युत पहुँचबाट सबैभन्दा पछाडि रहेका छन् । १७ नम्बर वडामा ८८ प्रतिशत र १८ नम्बर वडामा ८७ प्रतिशत नागरिक विद्युतको पहुँचमा छन् । प्रतिशतले झण्डै ९० प्रतिशत देखाए पनि विद्युतको पहुँचबाट धेरै नागरिक बाहिर रहेको इन्जिनियर श्रेष्ठ बताउँछन् । १५ नम्बर वडामा ९१ प्रतिशत मात्रै विद्युत विस्तार भएको तथ्यांकले देखाएको छ ।

मकवानपुरका १० वटा स्थानीय तहमध्ये सबैभन्दा बढी विद्युतको पहुँच पुगेको पालिका भने हेटौंडा नै हो । जिल्लाकै विकट कैलाश गाउँपालिकामा २९ प्रतिशत मात्रै विद्युत विस्तार भएको वितरण केन्द्रले जानकारी दिएको छ । कैलाशको चारवटा वडा भने पालुङ वितरण केन्द्रको कार्यक्षेत्र हो । कैलाशको ३, ४, ७ र ८ नम्बर वडामा हालसम्म विद्युत नै नपुगेको हेटौंडा वितरण केन्द्रका इन्जिनियर श्रेष्ठले जानकारी दिए । कैलाशका केही वडा कार्यालयसम्म विद्युत पुगे पनि नागरिकको घरसम्म विद्युत नपुगेको श्रेष्ठले बताए ।

बकैया गाउँपालिकामा ४२ दशमवल ५० प्रतिशत विद्युत विस्तार भएको छ । बकैयाको १२ नम्बर वडाका अधिकांश नागरिक अझै पनि अँध्यारोमा बस्न बाध्य छन् । १० र ११ नम्बर वडामा ५ प्रतिशत मात्रै विद्युत पुगेको हेटौंडा वितरण केन्द्रका इन्जिनियर श्रेष्ठले जानकारी दिए । १ र २ नम्बर वडामा क्रमश: ३५ र २५ प्रतिशत मात्रै विद्युत पुगेको छ । राज्य पुनसंरचनाका क्रममा बकैयामा गाभिएको साबिक धियाँल, शिखरपुर गाविसमा बिद्युतीकरण अत्यन्तै न्यून रहेको थियो ।

बागमती गाउँपालिकाको ३ र ९ नम्बर वडा विद्युत पहुँच बाहिर छ । ४, ६ र ८ नम्बर वडामा विद्युत ९० प्रतिशत बढी विस्तार भइसकेको हेटौंडा वितरण केन्द्रको तथ्यांकले देखाउँछ । भीमफेदी गाउँपालिकाभरी ९० दशमलव २१ प्रतिशत विद्युत विस्तार भएको छ । भीमफेदीको १ देखि ७ नम्बर वडामा ९० प्रतिशत बढी विद्युत विस्तार भएका छन् । भीमफेदीको ८ र ९ नम्बर वडामा भने पालुङ वितरण केन्द्रको कार्यक्षेत्र रहेको छ ।

मकवानपुरगढी गाउँपालिकामा ५८ दशमलव ३८ प्रतिशत विद्युत पुगेको छ । १ नम्बर वडामा जम्मा १५ प्रतिशत नागरिक मात्रै विद्युतको पहुँचमा रहेका छन् । ३ नम्बर वडामा ९० प्रतिशत विद्युत विस्तार हुँदा २, ४, ५, ६, ७ र ८ नम्बर वडामा ५० प्रतिशतको हाराहारीमा विद्युतको पहुँच छ । मनहरी गाउँपालिकामा ७२ दशमलव २२ प्रतिशत विद्युत विस्तार भएको छ । ९ नम्बर वडामा ९० प्रतिशत विद्युत पहुँच रहेको छ भने बाँकी वडामा ८० प्रतिशतको हाराहारीमा विद्युत विस्तार भएको हो । राक्सिराङ गाउँपालिकामा ४१ दशमलव ६७ प्रतिशत विद्युत पहुँच रहेको हेटौंडा वितरण केन्द्रले जानकारी दिएको छ । राक्सिराङको ७ र ९ नम्बर वडामा भर्खरै विद्युत पुगे पनि सबै नागरिकको घर उज्यालो भएको छैन् ।

थाहा नगरपालिका र इन्द्रसरोबर गाउँपालिका पालुङ वितरण केन्द्रको कार्यक्षेत्र रहेको छ । त्यहाँ पनि विद्युतको पहुँच बारिह रहेका नागरिक धेरै छन् । हेटौंडा वितरण केन्द्रका इन्जिनियर श्रेष्ठले राज्यको सिष्टममै समस्या भएकाले काम गर्न कठिनाई भएको र समयमै विद्युत विस्तार हुन नसकेको बताए । २ वर्षअघि गरेको टेण्डरबाट ट्रान्सफर्मर, तार र पोललगायतका विद्युत सामग्री भर्खर मात्रै आइपुगेको भन्दै सबै क्षेत्रमा विद्युत विस्तार गर्न नसकिएको गुनासो गरे ।

'नागरिकलाई प्राधिकरणले काम गरेन भनेजस्तो लाग्छ । हाम्रो समस्या कसैले बुझ्दैन । ट्रान्सफर्मर, तार र पोललगायतका विद्युत सामग्री समयमै आइदियो र काम एउटा गतिले हुनसक्यो भने सबै क्षेत्रमा विद्युत पुग्छ ।,' उनले भने । विद्युत प्राधिकरणबाटै असोज पछि मात्रै बजेट उपलब्ध हुने गरेको भन्दै ढिलाई गरी काम हुने भएकाले समस्या भएको उनको भनाई छ ।

# एक महिनामै टमाटरको मूल्य आकासियो

साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/केही दिनदेखि हेटौंडामा टमाटरको मूल्य एकसय ५० रुपैयाँ पुगेको छ । हेटौंडाका तरकारी बजारमा टमाटरको भाउ बढेपछि खान नसकिने भएको उपभोक्ताहरु बताउँछन् ।

केही दिनयता टमाटरको मूल्य अत्यधिक बढेको छ । पहिलेको तुलनामा किसानले पनि टमाटरको राम्रो मूल्य पाएका छन् । तर, उपभोक्ता भने मारमा परेका छन् । जेठ अन्तिमसम्म सय रुपैयाँमा ५ केजीसम्म टमाटर किनेका हेटौंडाका उपभोक्ताहरु अहिले भने टमाटरको मूल्य अत्यधिक बढेकोमा खरिद गरेर खान नसक्ने भएकोमा चिन्तित छन् ।

यहाँका उपभोक्तालाई टमाटरको भाउ बढेको देख्दा पत्याउनै मुस्किल परेको छ । यसरी टमाटरको भाउ बढ्नुमा तराई क्षेत्रमा टमाटर नहुनु, पहाडी क्षेत्रमा उत्पादन भएको टमाटर भारतीय बजारमा निर्यात हुनुलगायत कारण रहेको



व्यवसायीहरु बताउँछन् ।

मकवानपुर लगायतका जिल्लामा उत्पादन भएको टमाटर तराइका जिल्लामा र भारतसम्म निकासी हुँदा यसको मूल्य निकै बढेको तरकारी तथा फलफूल व्यावसायी संघ मकवानपुरका महासचिव सन्तोषी बर्तौलाले जानकारी दिइन् । यहाँको टमाटर भारत निर्यात हुँदा पनि टमाटरको भाउ अचाक्ली बढेको उनले बताइन् ।

टमाटर बाहेक अन्य सबै तरकारीको भाउ बृद्धि भएको छ । बजारमा एकसय ५० रुपैयाँमा कारोबार भइरहेको टमाटर हेटौंडाको चौकीटोलमा रहेको सब्जीमण्डीमा भने एकसय ४० रुपैयाँमा थोक मूल्यमा बिक्री भइरहेको छ ।

नेपालको सामान भारतमा जाँदा किसानले राम्रो मूल्य पाएको भन्दै राम्रो भएको व्यावसायीहरु बताउँछन् । तराइका जिलामा पानी परिरहेका कारण सबै टमाटर डुबानमा पर्दा बोट मरेको छ ।

अहिले तत्काल तराइका जिल्लाबाट तरकारी आउने सम्भावना नभएको र अहिले पहाडी क्षेत्रबाट मात्र आउने गरेको छ । पहाडी क्षेत्रमा उत्पादन भएका तरकारी तराइका जिल्लामा निर्यात भइरहेको ब्यवसायीहरुले बताएका छन् ।

# बागमतीमा अवैध रुपमा नदीजन्यपदार्थ उत्खनन्

साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ बागमती गाउँपालिकामा नदीजन्य पदार्थको अवैध उत्खनन् भइरहेको छ । गाउँपालिका कार्यालयकै सवारी साधन प्रयोग गरेर अवैध उत्खनन् भइरहेको हो ।

बागमती गाउँपालिका-४, झुरझुरै नजिकै (गाउँपालिका कार्यालय पछाडि)को चैराहा खोलामा गाउँपालिका आफैंले अवैधरुपले नदीजन्यपदार्थ उत्खनन् गरेको हो । गाउँपालिका कार्यालय आफैंले पनि असार, साउन र भदौमा नदीजन्य पदार्थ उत्खनन् गर्न पाउँदैनन् । ढुंगा, गिट्टी बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, (पहिलो संशोधन)को दफा ४ को उपदफा १६ बमोजिम प्रत्येक



वर्षको असारदेखि भदौ मसान्तसम्म नदीजन्यपदार्थ उत्खनन् गर्न नपाइने स्पष्टसँग उल्लेख छ ।

तर, गाउँपालिकाले झुरझुरेमै खेलकुद मैदान निर्माणको नाममा चौराह खोला र बागमती नदीको संगमस्थलबाट नदीजन्यपदार्थ उत्खनन् गरिरहेको स्थानीयले जानकारी दिएका छन् । यद्यपि, असार १ गते बागमती गाउँपालिका आफैंले नदीजन्यपदार्थ उत्खनन् बन्द हुने सम्बन्धमा सबै वडा कार्यालयलाई पत्रचारसमेत गरेको थियो । वडा कार्यालयलाई नदीजन्यपदार्थ उत्खनन् नगर्न पत्राचार गर्ने गाउँपालिका भने आफैं अवैध रुपमा वर्षातको समयमा बस्तीहरुमा जोखिम पुग्ने गरी नदीजन्यपदार्थ उत्खनन् गरिरहेको हो ।

बागमती गाउँपालिका भित्र कुनै पनि खोलाको वातावरणीय प्रभाव मूल्यांकन (आईई) छैन । वातावरणीय प्रभाव मूल्यांकन बिनै नदीजन्यपदार्थ उत्खनन् गर्नु गैर कानुनीसमेत हो । स्थानीय सरकार नै गैरकानुनी कार्यमा लागेको भन्दै बागमतीमा स्थानीय सरोकारवालाले सचेत गराइरहेका छन् । गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले आफू ७ दिनदेखि बिदामा रहेको र नदीजन्यपदार्थ उत्खनन्को बारेमा कुनै जानकारी नभएको बताए । उनले असारदेखि भदौसम्म कुनै उत्खनन् नगर्न निर्देशन दिएको उनको भनाई छ ।

उनले गाउँपालिका कार्यालय नजिकै सार्वजनिक जग्गामा मिनि रंगशाला निर्माण गर्न लागेकाले फिलिङ गर्न नदीजन्यपदार्थ उत्खनन् गरेको हुनसक्ने बताए । आफूले तत्काल उत्खनन् रोक्न निर्देशन दिएको उनको भनाई छ । बागमती गाउँपालिकामा यसअघि पनि अवैध रुपमा नदीजन्यपदार्थ उत्खनन् हुँदै आएको छ । यसअघि मदन भण्डारी राजमार्ग बनाउने नाममा निर्माण कम्पनीले वातावरणीय प्रभाव मूल्यांकन नै नगरी नदीजन्यपदार्थ उत्खनन् गरेर लगेको थियो । जिल्ला समन्वय समितिले अवैध रुपले नदीजन्यपदार्थ उत्खनन् नगर्न ताकेता गर्दासमेत गाउँपालिकाले नटेरेको जनाइएको छ ।

Join IT Career in HCC

Admission Open

+2

Science

Management

→ Computer Science

→ Hotel Management

→ Business Studies

Law (English)



Bachelor Program

BSc. CSIT

BCA

BBS

(T.U. Affiliated)

यस हेटौंडा सिटी कलेजमा B.Sc.CSIT कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र श्री दिनेश खरेलले त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा 89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त) ल्याई नेपाल प्रथम हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, BSc. CSIT र BCA को 11 औं समूहको (2080 Batch) लागि प्रवेश परीक्षा तयारी कक्षा (Entrance Preparation Class) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।


हेटौंडा सिटी कलेज/जेनिथ

सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर



☞ वायरिङ मर्मत

☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# खाद्यसुरक्षणमा बेवास्ता

एकातिर अनधिकृत प्लटिङले उत्पादनयोग्य जग्गाको अभाव भएको छ । अर्कातिर ग्रामीण भेगमा बस्नलायक नभएको भन्दै बसाईं सर्नेहरुको क्रम बढेपछि गाउँका जग्गाहरु बाँझो रहने क्रम बढेको छ । जग्गा प्लटिङले होस् वा बाँझो छोड्ने प्रवृत्तिले दुवै पक्षबाट खाद्य उत्पादनमा प्रत्यक्ष असर पुऱ्याएको छ । यही यथार्थमा अर्को टिठलाग्दो कारण थपिएको छ: अखाद्य प्रयोजनको लागि खाद्यान्नको प्रयोजन । जिल्लामा खाद्यसंकट बढीरहेको बेला अखाद्य प्रयोजनका लागि मात्र वार्षिक दुई हजार मेट्रिकटन भन्दा बढी खाद्यान्न प्रयोग गर्ने गरिएको एक सर्भेक्षणले देखाएको छ । परम्परागत संस्कारका रुपमा प्रयोगमा ल्याइने जाँड, रक्सी जस्ता अखाद्य पेयपदार्थको रुपमा यो परिमाणको खाद्यान्न खर्च हुने गरेको हो । जसमा शारीरिक तथा मानसिक वृद्धि विकासका कुनै तत्वहरु पाइदैन । कुनै जातिगतमा संस्कारका रुपमा प्रयोग हुने बिषय अलग भयो र यो मामलामा छुट्टै कुरो हो । सामूहिक मनोरञ्जन भन्दै अत्याधिक रुपमा प्रयोगमा ल्याइने जाँड रक्सीमा हजारौ मेट्रिकटन खाद्यान्न खेर जाने गरेको छ ।

कृषि विकास कार्यालयको तथ्याङ्क अनुसार मकवानपुरमा एक आर्थिक वर्षमा २ हजार २ सय १६ मेट्रिकटन भन्दाको बढी खाद्यान्न अखाद्य प्रयोजनका लागि खर्च भएको पाइएको छ । हरेक वर्ष यस्तो प्रयोजन झन् बढ्दै गरेको हुनसक्छ । गत आवकै तथ्याङ्कअनुसार सबैभन्दा बढी अखाद्य प्रयोजनमा कोदोलाई प्रयोग गर्ने गरिएको पाइएको छ । स्थास्थ्यको दृष्टिले समेत सबैभन्दा बढी पौष्टिक तत्व प्रोटिन पाइने कोदोको सबै तत्व नष्ट हुनेगरी रक्सीमा रुपान्तरण गरेर प्रयोग गरिन्छ । कोदो कुल उत्पादनको १६ प्रतिशत अर्थात् ५ सय १५ मेट्रिकटन अखाद्य प्रयोजनमा लगाउने गरिएको हो । तर, परिमाणको हिसाबले अखाद्य प्रयोजनमा मकै सबैभन्दा बढी प्रयोग हुनेगरेको छ । जिल्लामा प्रतिवर्ष १ हजार ५ सय ४० मेट्रिकटन भन्दा बढी मकै अखाद्य प्रयोजनमा खेर जाने गरेको कृषि कार्यलयले जनाएको छ । यो कूल उत्पादनको झण्डै ४ प्रतिशत हो । मकवानपुरको १६ हजार ९ सय ९५ हेक्टर जमिनबाट ४१ हजार ६ सय मेट्रिकटन मकै उत्पादन हुन्छ । ग्रामीण क्षेत्रमा राम्रो उत्पादन हुने कोदो तथा मकैमध्ये आधा गाउमै अखाद्य प्रयोजनाका लागि खर्च हुन्छ भने बचेको थोरै हिस्सा समेत सहरी भेगमा अखाद्य प्रयोजनकै लागि प्रयोग हुने गरेको पाइएको छ । जाँडरक्सीको कारण कतिपय परिवारमा सद्भावमा खलल हुन पुगेको छ भने कतिपय त परिवारबाटै विछोडिएका छन् । नियमित रक्सी सेवनकै कारण झगडा हुन थालेपछि अभिभावकबाट अलगिएर सडकमा आउने बालबालिकाको सङ्ख्या पनि बढेको छ । यता अधिकतम घरेलुहिंसाका कारण पनि मादकपदार्थ सेवन नै बनेका छन् । घरेलुहिंसाको कारण मादकपदार्थ सेवन भएको भन्दै ग्रामीण क्षेत्रका महिला समूहको सक्रियतामा घरेलु मदिरा बन्द गर्ने पहल यदाकदा भएका छन् । तर, रक्सी उत्पादन बन्द गर्दा यसैको व्यापार गर्नेहरुको आयमा असर पुगेको भन्दै विवादास्पद समेत हुने गरेको छ ।

यस्तै, दाना बनाउन प्रयोग हुने खाद्यान्नका कारण समेत अखाद्य प्रयोजनको क्रम बढेको छ । मकवानपुरमा वार्षिक ८ हजार १ सय ४० मेट्रिकटन खाद्यान्न दाना बनाउनको लागि प्रयोग हुन्छ । तर, ती दाना खुवाएर उत्पादन गरिने स्रोत भने ज्यादै न्यून रहेको पाइएको छ । दानाको रुपमा प्रयोग हुने खाद्यान्न पनि अखाद्य प्रयोजनकै रुपमा रहेको पाइएको छ । एउटा कुखुराको लागि दानामा हामी जति खर्च गर्छौं त्यो कुखुराको उत्पादनले खुद खर्चको आधापनि थेग्दैन । दानाको लागि मकवानपुरमा उत्पादन भएको खाद्यान्नमध्ये वार्षिक मकै ७ हजार ८७ मेट्रिकटन, कोदो ७ सय ९० मेट्रिकटन धान १ सय ७५ मेट्रिकटनलगायत खर्चहुने गरेको कृषि कार्यालयले जनाएको छ । यद्यपि अधिकांश दाना तयारी अवस्थामा बाहिरी जिल्लाबाटै भित्र्याइने गरेको छ । भारतले चामल दिएन भनेर रोइलो गर्नुभन्दा नेपालमा उत्पादनमा जोड दिनुपर्ने बिज्ञहरुको सुझाव छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मक्वानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन २२ गते सोमबार ७ अगष्ट २०२३ । षष्ठी, अधिक श्रावण कृष्णपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:३०, सूर्यास्त ६:४७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अनावश्यक झंझट बृद्धि | **तुला** | : मित्रबर्गबाट धोका |
| **वृष** | : आरोप प्रत्यारोपको सामना | **वृश्चिक** | : सम्पत्ति सम्बन्धी विवाद |
| **मिथुन** | : ऋण नाश | **धनु** | : न्यायिक कार्यमा सफलता |
| **कर्कट** | : खर्च वृद्धि | **मकर** | : कार्यगत उतारचढाव |
| **सिंह** | : आफन्तबाट चिन्ता | **कुम्भ** | : आर्थिक सिद्धि |
| **कन्या** | : इष्ट सिद्धि | **मीन** | : कार्य सिद्धिमा विलम्ब |

# असंलग्न कूटनीतिले थलिएको सेना



गोविन्दराज केसी

सांसद स्वर्णिम वाग्ले र विमला राई (पौड्याल) ले नेपाली सेनाको संख्या कटौतीबारे अभिव्यक्ति दिएपछि यसले बहसलाई सघन बनाएको छ । कतिपयले यसलाई पूर्वाग्रही र सेनाको मनोबल गिराउने तथा कुत्सित स्वार्थले प्रेरित भनेका छन् भने कतिपयले उपयुक्त ठहऱ्याएका छन् । तर जिम्मेवार निकायमा रहेका बौद्धिक व्यक्तित्वहरूको टिप्पणीलाई शंका, प्रतिशोध र नियतसँग जोड्नुभन्दा रचनात्मक र वस्तुपरक ढङ्गबाट बहस, अध्ययन र विश्लेषण गर्न जरुरी छ । बीबीसी नेपाली सेवाका अनुसार ९ चैत २०७९ मा पोखरामा भूतपूर्व सैनिक सम्मेलनको कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा नेपाली सेनाका प्रमुख प्रभुराम शर्माले नेपाली सेनाको संख्या र व्यावसायिकताबारे उठेको सवालमाथि कडा प्रतिक्रिया दिए ।

उनले सेनाको संख्या निर्धारण गर्ने काम सरकारको भएको उल्लेख गर्दै भने, 'कुनै आईएनजीओ, एनजीओमा बसेर स्वघोषित प्राज्ञ, विज्ञ र सुरक्षा विज्ञ भन्नेहरूले गर्ने होइन ।' सामान्य अभिव्यक्तिबाट पनि नेपाली सेना कति तरङ्गित हुन्छ भन्ने यो एउटा सानो उदाहरण हो । त्यसैले पनि सकेसम्म राजनीतिक दल तथा बुद्धिजीवीहरू नेपाली सेनाबारे बहस, छलफल गर्न सितिमिति आँट गर्दैनन् । तर, सुरक्षा संयन्त्र तथा सेनाबारे धारणा, रणनीति, नीति तथा कार्यक्रम बनाउने काममा सरकारलाई विज्ञ तथा अनुसन्धानमूलक संस्थाहरूले सघाउन सक्छन् । आम नागरिकदेखि सार्वभौम संसदले मज्जाले बहस गर्न सक्छन् । यसबारे नेपाली सेनाले आपत्ति जनाउनुपर्ने र चिन्ता गर्नुपर्ने कुनै कारण छैन ।

**इतिहासको संक्षिप्त सिंहावलोकन**

२०३२ तिर मुस्ताङमा तिब्बतियन खम्पा आतंक नियन्त्रण र १० वर्ष लामो माओवादी युद्धताका २०५८ देखि २०६२ सम्म प्रत्यक्ष युद्ध मोर्चामा होमिएको नेपाली सेना मूलत: २००७ सालमा राणाशासनको अन्त्ययता आधुनिक नेपालको इतिहासमा कुनै देशसँग प्रत्यक्ष युद्धमा होमिएको छैन । आन्तरिक युद्धका ५ वर्ष माओवादी सेनासँगको भिडन्त पनि सफलतामा टुङ्गिएको देखिँदैन ।

खम्पा विद्रोहलाई सहजै दबाएको सेनाले माओवादी सशस्त्र विद्रोहमा भने उल्लेख्य सफलता प्राप्त गर्न सकेन । ८ मंसिर २०५८ मा दाङको घोराही ब्यारेक आक्रमण गरी नेपाली सेनाका अत्याधुनिक हतियार कब्जा गरेपछि सशस्त्र युद्धले नयाँ मोड लियो । सन्धिखर्क र मङ्गलसेनमा माओवादी सेनाले नेपाली सेनाको ब्यारेक आक्रमण गरी ध्वस्त मात्र पारेन, सबै हतियार नियन्त्रणमा लियो । रोल्पाको गाम र बाजुराको पिलीमा नेपाली सेनाले राखेको ठूलो अस्थायी क्याम्प नै माओवादी सेनाले उठाइदिएको थियो ।द साथै, ठूलो परिमाणमा सेनाका अत्याधुनिक हतियार पनि कब्जा गरेको थियो ।

उक्त पाँच वर्षको अवधिमा स्याङ्जा, पाल्पा, बेनी, भोजपुर, घोडेटार, सतबरिया, लमही, पान्डौन लगायत गण्डकी प्रदेशका प्राय: मोर्चाबन्दी युद्धहरूमा समेत नेपाली सेनाले माओवादी लडाकूमाथि विजय प्राप्त गर्न सकेन । सेना केवल सदरमुकामको तारबारमा सीमित हुनपुग्यो । गस्तीमा जाने सेनाको अवस्था कस्तो हुन्थ्यो ? कसरी फर्कन्थ्यो ? यसको मानसिकता र मनोबल कस्तो हुन्थ्यो, पंक्तिकारसँग प्रत्यक्ष युद्धका आफ्नै थुप्रै अनुभूति छन् । माओवादीहरू आज नर ग्प्रोसँग बिग्रिएका छन् । तर तत्कालीन माओवादी सेना सशक्त वैचारिक सेना थियो । यति दृढ प्रतिबद्धताले भरिएको थियो कि महिनौंको तालिम भन्दा प्रत्यक्ष भिडन्तबाट सैन्य अनुभव हासिल गरेको थियो । नेपाली सेना पाँच वर्ष यस्तो छापामार लडाकूसँग लडाइँ लड्नु आफैंमा विश्व स्तरको अनुभव हासिल गर्नु जस्तै थियो ।

तर छापामार युद्ध हुँदै मोर्चाबन्दी युद्धमा विकास भएको माओवादी युद्धबाट नेपाली सेना र यसका रणनीतिकारहरूले केही सिके त ? रुपरि णामले भन्छ- उनीहरूले सिक्नै चाहेनन् । नेपाली सेनाबाट निवृत्त जर्नेलहरूका लेख र सामाजिक सञ्जालमा व्यक्त मतले यसलाई पुष्टि गर्छन् । तर अनौठो, परस्परमा दुश्मनी मोलेर युद्धमा होमिएका दुवै सेना अन्तत: वार्ता सहमतिसँगै एकीकृत र राष्ट्रिय सेनामा रूपान्तरण हुनपुगे ।

वाग्ले र पौड्यालले भने जस्तै हप्ता दिनको तालिम, कमसल हतियार, रसदपानीको अभावले ग्रस्त विद्रोही सेनालाई परास्त गर्न नसकेको सेनाले आणविक हतियारले सम्पन्न शक्तिशाली देशसँग लड्न सक्छ त ? भन्ने प्रश्न उठ्नु अस्वाभाविक छैन । यसलाई नेपाली सेनाले सहज रूपमा लिनुपर्छ । तर दु:खद पक्ष यो हो कि त्यो ५ वर्ष लामो युद्ध अनुभव आफैंमा नेपाली सेनाको आधुनिकीकरणका लागि विशाल खुड्किलो हुनसक्थ्यो । तर त्यसको लागि सरकार, सेना वा विज्ञहरूबाट कुनै पहल नै हुन सकेन ।

बरु उल्टै सेनाको पेशागत मर्यादामा प्रश्नचिह्न खडा भयो । नेपाली सेना यही अवधिमा व्यावसायिक भन्दा धेरै व्यापारिक बन्यो । ठेक्कापट्टा, व्यापार-व्यवसाय, बाटोघाटो निर्माण यसको दिनचर्या हुनथाल्यो । तर विश्वमा यही १५-२० वर्षको अवधिमा सैन्य वा सुरक्षा क्षेत्रमा ठूला-ठूला सैन्य आविष्कार र रणनीतिहरूको विकास र प्रयोग गरिएको छ । सायद यसबारे नेपाली सेना बेखबर पक्कै छैन ।

**रूस-युक्रेन युद्धको सन्देश**

युक्रेन युद्धले लडाइँको स्वरूप बदलिने अपेक्षा विपरित झन् विगततिरै फर्काएको फिलिप्स ओ'ब्रायनले व्यक्त गरेका छन् । फरेन पोलिसीको २७ जुलाई २०२३ को अंकमा उनले भनेका छन्, 'बरु, युद्धका लगभग सबै उपलब्धि क्रमश: र ठूलो मूल्य चुकाएर आएका छन् । युद्धलाई लडाकु विमान र ट्याङ्कले होइन कि तोप, ड्रोन र पहिलो विश्वयुद्धकालीन शैलीको ट्रेन्चहरूद्वारा परिभाषित गरिएको छ ।' उनी अगाडि थप्छन्, 'उदाहरणका लागि, रूस अत्याधुनिक हतियारको अभावमा होइन तर आफ्नो प्रणालीलाई राम्ररी सञ्चालन गर्न नसक्दा ढल्यो । रूस कमजोर भयो किनभने यसको सशस्त्र बलले आक्रमण गर्न आवश्यक सामग्रीहरूसँग सुसज्जित सैन्य रसद-प्रक्रिया कमजोर र यहाँका सेनाहरूको उत्प्रेरणा न्यून थियो ।'

उनका अनुसार ठूला विरोधीहरूलाई हराउन राष्ट्रहरूलाई राम्रो रसद र बलियो अर्थतन्त्र चाहिन्छ भन्ने यथार्थ युक्रेन युद्धबाट स्पष्ट भएको छ । 'तर ठूलो युद्ध जित्नका लागि ती दुई कारक पर्याप्त छैनन् । राज्यहरूले आफ्ना सेनाहरूलाई उच्च उत्प्रेरित र राम्ररी प्रशिक्षित सिपाहीहरूद्वारा लैस् गर्नुपर्छ' उनी भन्छन्, 'र युक्रेनी सेनाहरूले बारम्बार प्रमाणित गरेका छन् कि तिनीहरू रूसी सेनाहरू भन्दा धेरै दृढ र दक्ष छन् ।' नेपालले पनि संसारबाट शिक्षा लिंदै कम्तीमा एक हप्ता टिक्न सक्ने गरी युद्धको तयारी गर्नुपर्छ । मानौं, कुनै शक्तिराष्ट्रले हमला गरे भने उनीहरूको रणनीति २४ घण्टा आसपास नियन्त्रणमा लिने हुन्छ ।

साना र कमजोर देशलाई छोटो समयमा नियन्त्रण गर्न सकिएन भने युक्रेनमा रूसले जस्तै नियति भोग्नुपर्छ भन्ने शिक्षा शक्तिराष्ट्रले सिकिसकेका छन् र ७२ घण्टाभन्दा लामो समय युद्ध लम्बाउन सक्दा त्यसले दूरगामी महत्व राख्छ भन्ने गतिलो शिक्षा नेपालले पनि सिक्नुपर्छ । युद्धमा शक्तिशाली देशहरू विरुद्ध अपेक्षा गरेभन्दा लामो समय लड्न सकियो भने त्यसले अन्तर्राष्ट्रिय समर्थन जुटाउने र समग्र युद्धको स्वरूपमा नै बदलाव ल्याउन सक्ने युक्रेन युद्धले दिएको सन्देश हो । यसका लागि आवश्यक सैन्य संख्या, तयारी र बन्दोबस्तीको योजना स्पष्ट हुन जरुरी छ ।

**राज्यको चरित्र र असंलग्न परराष्ट्र नीति**

राज्यको चरित्रलाई सैद्धान्तिक कोणबाट नियाल्न जरुरी छ । राज्य जहिल्यै आफूलाई असुरक्षित महसुस गरिरहेको हुन्छ । अमेरिका, चीन भारत वा रूस जुन देशलाई हेरे पनि त्यो पुष्टि हुन्छ । सुरक्षा मामलामा ठूला वा साना देशको उत्तिकै चिन्ता हुन्छ । भारत र चीन महाशक्तिमा दरिन खोज्दा दुवैले नेपाललाई सामरिक कोणबाट निकै महत्व र चासोका साथ हेर्छन् । यो सेक्युरिटी डिलेमाको सवाल पनि हो । तर आक्रामक यथार्थवाद (अफेन्सिभ रियालिज्म) लाई आधार मान्ने हो भने राज्यको चरित्र अराजक हुन्छ र सदैव असुरक्षाले उनीहरूलाई तर्साइरहेको हुन्छ । छिमेकी वा प्रतिद्वन्द्वीले सुरक्षा खर्चमा वृद्धि गर्दा उसले असुरक्षा महसुस गर्छ र आफ्नो प्रतिरक्षाको लागि सुरक्षामा वृद्धि गरिहाल्छ । जब खतरा आइपर्छ उसले आक्रमण गर्छ ।

जोन जे. मिरसाईमरले युक्रेनको युरोपियन युनियन र नेटोको सदस्यता हुन चाहने आकांक्षाले रूसको सार्वभौमिकता र भौगोलिक अखण्डतालाई खतरा उत्पन्न गर्ने विचार व्यक्त गर्दै आइरहेका थिए । यदि युक्रेन रूसको आँगनमै अमेरिका र नेटोको लागि रक्षाकवच बनेको खण्डमा रूसले आक्रमण गर्नेछ भन्ने उनको तर्क थियो । जुन पुष्टि भयो पनि । तर बहुमत नेपाली विज्ञहरूको परराष्ट्र नीति र सुरक्षा सम्बन्धी दृष्टिकोण सैद्धान्तिक भन्दा इच्छाजनित विचारबाट ग्रसित देखिन्छ । परराष्ट्र नीति असंलग्न भयो भने स्वत: नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डता जोगिन्छ भन्ने धारणा उनीहरू व्यक्त गर्छन् । कतिपय परराष्ट्र मामलाका विज्ञहरूको मत हुने गर्छ कि, असंलग्न भनेको निष्क्रिय बस्ने भन्ने होइन अनुकूलतामा पक्षधरता देखाउनु पनि हो । यो द्वैध र अस्पष्ट नीतिले झन् राष्ट्रलाई जोखिममा धकेलिरहेको हुन्छ ।

२०७३ मा सार्वजनिक गरिएको नेपालको 'राष्ट्रिय सुरक्षा नीति'ले धेरै महत्वपूर्ण पक्षहरूबारे बोल्दैन । अति महत्वपूर्ण पक्षमा अस्पष्ट र द्वैध अर्थ राख्छ । जस्तो २.६ अन्तर्गत मूल रणनीतिको बुँदा नं २.६.३ मा राज्यको सुरक्षा नीतिको कार्यान्वयनमा स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग र साझेदारी प्राप्त गर्ने प्रक्रिया विकास गर्ने उल्लेख छ । यहाँनेर प्रदेश र स्थानीय निकायसँग गृह वा प्रहरी प्रशासनबारे समन्वय गर्ने हो भनेर मान्ने हो भने सेना बारे के गर्ने ? भन्ने अस्पष्टता देखिन्छ ।

त्यस्तै २.६.५ मा दिगो शान्ति र स्थायित्वका लागि पहिले आन्तरिक र त्यसपछि बाह्य भन्ने अवधारणा अनुरूप देशको सर्वोपरि हितलाई केन्द्रविन्दुमा राखी मुलुकभित्रका क्रियाकलापलाई प्राथमिकतामा राखेर अध्ययन र विश्लेषण गरी कार्य गर्ने उल्लेख छ । तर बाह्‍य भनेको केहो भनेर कहींकतै खुलाइएको देखिंदैन ।

नेपालले बदलिंदो परिवेशमा खतरा सामना गर्ने राज्य, गैरराज्य वा सीमापारि आतंकवादका समस्या हुन् भनिरहँदा कताबाट खतरा छ भन्ने बारे सुरक्षा नीति बोल्दैन । झन् प्रतिरक्षा र प्रतिरोध वा निवारण रणनीति कस्तो हुने भन्नेबारे त पूरापूर मौनता साधेको देखिन्छ । तर १.५.५.१४ मा संयुक्त राष्ट्रसंघको बडापत्र, पञ्चशीलको सिद्धान्त, असंलग्नताको मान्यतामा आधारित परराष्ट्र नीतिको सञ्चालनमा भने दृढतापूर्वक उभिने जनाइएको छ । यो नै नेपाली सेनाको आधुनिकीकरणको मुख्य समस्या हो । सेनाको आधुनिकीकरण बारे बहस मात्र गरे पनि छिमेकीहरूले दबाब दिने र सार्वभौम सुरक्षामा आँच पुग्ने सोच एउटा तप्काको देखिन्छ ।

परराष्ट्र नीति लामो समयदेखि यथास्थितिमा चलेको छ । यसमा संशोधन गर्दा छिमेकीहरूको स्वार्थमा आँच आउँछ । यो चिन्ता छिमकीहरूलाई भन्दा काठमाडौंका नीति-निर्माताहरूलाई बढी छ । के भारत वा चीनले उनीहरूको आन्तरिक एकतामा खतरा महसुस हुँदा 'नेपालले असंलग्न परराष्ट्र नीति अख्तियार गरेको छ, केही गर्नुहुन्न' भनेर बस्छन् ? त्यस्तो कदापि हुँदैन । यसर्थ यथास्थितिवादी असंलग्न परराष्ट्र नीतिमा आमूल बदलाव गर्दै मुद्दामा आधारित परराष्ट्र नीति अख्तियार गर्दा देशले समग्र क्षेत्रमा कोल्टे फेर्नेछ । निष्क्रिय सुरक्षाभन्दा सक्रिय प्रतिरक्षा देशको सुरक्षामा महत्वपूर्ण हुन्छ ।

२०७५ सालमा सुरक्षा नीति निर्माण गरेर पनि सार्वजनिक नगरेपछि सरोकार वालाहरूले आवाज उठाएका थिए । ७ वर्षयता विश्व भू-राजनीति र दक्षिण एशियामा समेत ठूला-ठूला उथलपुथल भएका छन् । भारत-पाकिस्तान प्रतिद्वन्द्वितालाई चीन-भारतको प्रतिद्वन्द्विताले विस्थापित गरेको छ । दक्षिण एशियामा चीनको प्रभाव विस्तारलाई जसरी पनि भारतले छेक्न चाहन्छ । यसका लागि अमेरिका र भारतबीचको बाक्लो सम्बन्धले चीनलाई झन् आक्रामक प्रस्तुतिका लागि उक्साइरहेको छ । यस्तो अवस्थामा नेपालले अख्तियार गर्ने सुरक्षा नीति कस्तो हुन्छ ? राष्ट्रिय सुरक्षा नीतिमा आधारित प्रतिरक्षा रणनीति कस्तो बन्छ ? सरोकार वालाहरूको चासो हुनु स्वाभाविक हो ।

**नेपाली सेनाको संख्या कति आवश्यक ?**

युद्धमा सेनाको संख्या निर्णायक हुन्छ । तर ठूलो संख्याले युद्ध जितिहाल्छ भन्ने कुनै आधार छैन । न त अत्याधुनिक प्रविधिले मात्रै युद्ध जित्न सकिन्छ । यदि त्यस्तो हुँदो हो त अमेरिकाले अफगानिस्तानबाट हात धुनुपर्ने थिएन । रूसले युक्रेनलाई ७२ घण्टाभित्रै कब्जामा लिन्छ भन्ने भाष्यहरू त पर्याप्त बनेकै थिए । सेज जर्नलमा प्रकाशित अमेरिकाको जर्जिया विश्वविद्यालयकी प्राध्यापक प्याट्रिसिया सुलिभान (२००७) को अध्ययनमा आधारित आलेख प्रकाशित छ । लेखमा भनिएको छ, 'विश्वका सबैभन्दा शक्तिशाली राष्ट्रहरूले दोस्रो विश्वयुद्धदेखि धेरै कमजोर राष्ट्रहरू विरुद्धको आफ्नो सैन्य लडाइँहरूको एक तिहाइ भन्दा बढी गुमाएका छन्, यद्यपि तिनीहरूका विरोधीहरू गम्भीर रूपमा अधिक हतियारबद्ध र अधिक सैन्य शक्ति सम्पन्न थिए । यसले धेरैलाई आश्चर्यचकित पारेको छ कि शक्तिशाली राज्यहरू किन सीमित युद्धहरू हार्छन् ।' उक्त लेख प्रकाशित भएपछि दुई मुख्य युद्ध अफगानिस्तान र इराकबाट अमेरिकी सेना फिर्ती र युक्रेनमा रूसको कमजोर प्रदर्शनले पनि उनको अनुसन्धानलाई थप पुष्टि गर्छ ।

सुलिभानले दोस्रो विश्वयुद्धदेखि यस्ता १२२ युद्ध र सैन्य हस्तक्षेपहरू फेला पारेका छन् जसमा संयुक्त राज्य अमेरिका, सोभियत संघ, चीन, बेलायत वा फ्रान्सले कमजोर विरोधीसँग लडे । उनको अनुसन्धानका अनुसार ठूला र शक्तिशाली देशहरूले ३९ प्रतिशत समय गुमाए । संयुक्त राज्य अमेरिका ३४ मध्ये १० सैन्य हस्तक्षेपबाट पछि हट्नुपऱ्यो । यसर्थ ठूला र शक्तिशाली देशहरूले लडाइँ निश्चित रूपमा जित्छन् भन्ने भाष्य गलत हो । सेना कस्तो निर्माण गर्ने भन्ने प्रश्न निकै पेचिलो र महत्वपूर्ण छ । बदलिंदो भूराजनैतिक परिवेशमा नेपाली सेनाको संख्या कटौती भन्दा पनि यसलाई अत्याधुनिक सेनाको रूपमा कसरी रूपान्तरण गर्ने भन्ने प्रश्न महत्वपूर्ण छ ।

युक्रेन युद्धपछि युरोपका साना देशहरू समेतले सैन्य शक्ति र सुरक्षा बजेट दुवैमा वृद्धि गरेका छन् । नेपाल जस्तो सामरिक महत्वको देशले विद्यमान सेनाको संख्या कटौतीको बहसलाई अन्त्य गर्दै १ लाख वरिपरि संख्यामा सेना निर्माण गर्ने तयारी गर्नुपर्छ । मुख्यत: नेपालले तीन प्रकारको सेना निर्माणमा जोड गर्नुपर्छ- स्थल सेना, प्राविधिक सेना र जगेडा शक्ति । यी तीनैवटा सेनाको संख्या कति प्रतिशत विन्यास गर्ने भन्ने पनि पहिले नै निश्चित गरिनुपर्छ । प्राविधिक सेनाले सूचनाप्रविधिको सैन्य प्रयोग, आर्टिफिसियल इन्टेलिजेन्स, ड्रोन र साइबर वार फेयरलाई मुख्य जोड दिन्छ । सेना एक लाखको संख्यामा त राख्ने तर अहिलेकै जस्तो अवस्थामा रहने हो भने त्यसले आफ्नै आकारको औचित्य पुष्टि गर्न सक्दैन । अहिले नेपाली सेना पेशागत (प्रोफेसनल) कम र व्यावसायिक धेरै छ । झन् सिमानामा भन्दा मध्य शहरमा ब्यारेकमा जमेर बसेको छ । परिचालनको यस्तो तरिका तत्काल बदल्नुपर्छ । सेना सिमानामा तैनाथ गर्नुपर्छ । छिमेकीले के प्रतिक्रिया दिन्छ भन्ने सवालसँग हिच्किचाउनुहुँदैन । जनशक्तिको हिसाबले प्राविधिक जनशक्ति भर्नामा मुख्य जोड गर्नुपर्छ । कम्तीमा २० हजार प्राविधिक सेनाको रूपमा तयार गर्नुपर्छ । त्यसका लागि सरकार र सेनाले यथेष्ट पहल गर्न जरुरी छ ।

दश जोड दुई कक्षाबाट गणित र विज्ञानमा उत्कृष्ट विद्यार्थीलाई अहिले नेपाली सेनाले पहिलो छनोटमा राख्नुपर्छ । त्यस्तै गणितमा अति उत्कृष्ट र मानविकी विभागमा अध्ययनरत विद्यार्थीको पहिचान गरी छनोट गरिनुपर्छ । साथै, त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय लगायत अन्य विश्वविद्यालयका विज्ञान र गणितका उत्कृष्ट विद्यार्थीलाई छनोटमा ल्याउनुपर्छ । एसईई लेबलबाट नै उत्कृष्ट विद्यार्थी छनोटको आधार तयार पार्नुपर्छ ।त्यसका लागि सरकार, सुरक्षा निकायको समन्वय तथा सरकारले प्रदेश र स्थानीय निकायलाई निरन्तर दक्ष जनशक्ति निर्माणबारे सुसूचित गराइरहनुपर्छ ।

नेपाली सेनाका लागि महावीर पुनको आविष्कार केन्द्र अर्को महत्वपूर्ण स्रोत हुनसक्छ । चीनले 'थाउजेन्ड ट्यालेन्ट प्रोग्राम' मार्फत हजारौं वैज्ञानिक देशमा भित्र्याए जस्तै विदेशमा अध्ययन तथा अनुसन्धानमा सक्रिय जनशक्ति तथा अनुसन्धान विज्ञहरूलाई देशमा फिर्ता गर्ने आकर्षक कार्यक्रम तत्काल सञ्चालनमा ल्याउनुपर्छ । यसरी नेपाली सेनाको आधुनिकीकरणलाई तीव्रता दिन सकिन्छ ।

अहिले समुद्र लडाइँको मुख्य केन्द्रमा रूपान्तरण भएको छ । त्यति मात्र होइन अर्थ, व्यापार, हतियार निर्माण र प्रविधि विकासको केन्द्र पनि समुद्र नै भएको छ । तर नेपाल भूपरि वेष्टित देश भएकोले यसबाट विमुख छ र हामीले नौसेना विकासलाई प्राथमिकतामा राख्नुपरेको छैन । राजनैतिक नेतृत्व र सेनाबीच सुमधुर सम्बन्ध, स्पष्ट बुझाइ र निरन्तर छलफल हुने हो भने जगेडा शक्तिबारे नेपालले धेरै चिन्ता र कष्ट बेहोर्नु पर्दैन । माओवादी युद्धमा संलग्न विशाल संख्यालाई जगेडा शक्तिको रूपमा उपयोग गर्न सकिन्छ ।

अयोग्य ठहरिएका लडाकूलाई सरकारले अर्बौं रुपैयाँ निकासा गर्ने तर त्यसलाई राष्ट्रिय सुरक्षामा परिचालनमा भने उपयोग गर्न नसक्ने उल्टो बाटो र बहस गरिरहेका छौं हामी । हिजो माओवादीमा लागेको युवापुस्ता हतियार, तालिम, सैन्य रणनीति निर्माणमा समेत अनुभवी छन् ।

दर्जनौं मोर्चा लडेको यस्ता अनुभवी लडाकूहरूलाई 'रिजर्भ फोर्स'को रूपमा देशले राष्ट्रिय हितमा विना पूर्वाग्रह उपयोग गर्नु फाइदाजनक नै हुन्छ । यसले राज्यको कम खर्च, उचित मानव स्रोत व्यवस्थापन र विभिन्न निकायबीच कुशल समन्वय गराउन समेत मद्दत पुग्छ । यी कामहरू कुशल, रणनीतिक र गतिशील नेतृत्व विना सम्भव छैन । विद्यमान राजनैतिक दलको नेतृत्वबाट यस्तो सम्भावना कम छ । किनकि माओवादीको हिजोको शक्तिलाई त्यसरी जगेडा शक्तिमा बदल्दा उसले कतै माओवादी पार्टीको शक्ति आर्जनको साधक बन्ने त होइन भन्ने संशय रहिरहन्छ । यस्तो अवस्थामा दल, सेना र अन्य सुरक्षा संयन्त्रमा समेत सन्त्रास सृजना व्याप्त रहन्छ । तर सेनाको समायोजन नै भइसकेको अवस्थामा यस्तो भय र संशयको अर्थ रहँदैन । यसको लागि स्पष्ट कानुनी प्रावधान निर्माण गर्न जरुरी छ ।

**विन-विन पोलिसी**

केही बुद्धिजीवी, दलका नेता र सैनिक सेवामा उच्च ओहोदा सम्हालेर सेवानिवृत्त भएका व्यक्तिको विचार सुन्दा उनीहरू समस्याको हल भन्दा त्यसलाई कसरी सकसपूर्ण बनाउने भन्ने बहसमा देखिन्छन् । समस्यालाई चर्काउने भन्दा हल कसरी गर्न सकिन्छ भनेर घोत्लिने हो । उनीहरूको सोचाइ र चिन्तन ठीक भए पनि त्यसले सृजना गर्ने दुष्परिणाम निकै खतरनाक देखिन्छ । सेना संख्याको कटौतीको बहस सतहमा आउने बित्तिकै उनीहरूको प्रहार राजनैतिक आन्दोलनबाट प्राप्त उपलब्धिहरूमा देखिन्छ । संघीयताले खर्च वृदधि गरेका कारण त्यसलाई विघटन गरेर भए पनि सेनाको संख्या वृद्धि गरिनुपर्छ । यो केही राजनैतिक दलका नेता र केही सांसदहरूको संख्या कटौतीको बहसभन्दा कम खतरनाक मत होइन । के सेनाको संख्या कटौती र संघीयता एकअर्काका (म्युचुअल्ली एक्सक्लुसिभ) दुश्मन हुन् ? यसको चित्तबुझ्दो उत्तर नदिने बेलासम्म एकले अर्कालाई निषेध गर्ने डरलाग्दो खतरा आइरहन्छ ।

नि:सन्देह संघीयता र सैन्य वृद्धिले अर्थतन्त्रको चालु खर्चमा निरन्तर वृद्धि गरिर हन्छ । यी दुवै राज्यको खर्चका दुई मुख्य स्रोत हुन् । यस्तो जान्न कुनै गणितका सूत्र पढिरहनु र अर्थशास्त्रीय मोडलको प्रयोग गर्ने झण्झट गरिरहनु पर्दैन । झण्डै एक लाखको संख्यामा रहेको सेना, यसको रसद-पानी, तालिम र गोलीगट्ठाको लागि चाहिने खर्च निकै ठूलो हुन्छ । त्यस्तै ७५२ नगर वा पालिका, ७ प्रदेश र त्यसका कर्मचारीको लागि लाग्ने खर्चको स्रोत त्यतिकै ठूलो छ । यस्तो अवस्थामा हामीले खोज्ने समस्याको हल भनेको सेनाको अहिलेको संख्यामा सामान्य वृद्धि र संघीयताको मजबुत कार्यान्वयन हो । जसले अल्पकालमा राज्य संयन्त्रमा व्ययभार थपे पनि मध्य र दीर्घकालमा आयस्रोत र उत्पादकत्व वृद्धिमा मुख्य औजारको काम गर्न सकोस् । जसले गर्दा दुवै पक्षको चिन्ता निवारण गर्ने अनुचित बहस गर्ने वातावरणको अन्त्य गर्न सकियोस् ।

**निर्देशित-ऊर्जा प्रणालीमा विकसित हुँदै युद्ध**

ध्वनि हावामा प्रति सेकेण्ड ३४३ मिटरको दूरी पार गर्छ भने चीनले निर्माण गरेको हाईपरसोनिक मिसाइलको गति म्याच-५ वा सोभन्दा बढी रहेको छ । म्याच-५ भनेको हाईपरसोनिक मिसाइलको गति ध्वनिको गति भन्दा ५ गुणा रहेको छ । यो भनेको हाईपर सोनिक मिसाइल १ सेकेण्डमा १.७ कि.मी.को गतिमा दौडन्छ । तर प्रकाशले १ सेकेन्डमा पार गर्ने गति भनेको ३ लाख किलोमिटर हो ।

*(साभार: अनलाइनखबर)*

राजधानीमा साप्ताहिक हाटबजारको अभ्यास :

# जहाँ लगेर किसानले बेच्छन् रैथाने उत्पादन

काठमाडौं/देशका विभिन्न जिल्लामा अझै पनि हाटबजारको लाग्ने चलन कायम छ । स्थानीय स्तरमा उत्पादित सामग्रीहरू त्यहाँ लगेर बेच्ने र आफूलाई आवश्यक पर्ने सामाग्रीहरू पनि खरिद गर्ने हाटबजारको मौलिक विशेषता हो ।

वास्तवमा हाटबजारलाई ग्रामीण क्षेत्रको एक प्रभावकारी र परम्परागत बजारको रूपमा लिइन्छ । पछिल्लो समय रैथाने उत्पादनलाई प्रोत्साहन र बजारीकरण गर्ने उद्देश्यका साथ राजधानीमा पनि साप्ताहिक हाटबजारको अभ्यास थालिएको छ । जहाँ किसानले आफूले उत्पादन गरेका कृषि उपज ल्याएर सिधै बिक्री वितरण गर्न सक्ने व्यवस्था गरिएको छ ।

'गाउँको उत्पादन सहरमा, रैथाने खाना घरघरमा'भन्ने नाराका साथ राजधानीको दरबारमार्गमा साप्ताहिकरुपमा 'रैथाने कृषि हाटबजार' लाग्न थालेको हो ।

कतिपय अवस्थामा बिचौलिया हाबी हुँदा कृषकले आफ्नो उत्पादनको उचित बजार पाउन नसकेको गुनासो सुनिन्छ । त्यसमाथि अझ रैथाने उत्पादनको त राम्ररी प्रवर्धन समेत हुन नसकेको तितो यथार्थ छ । यस्तो पृष्ठभूमिमा राजधानीमै हाटबजार सञ्चालनमा आउँदा किसानले आफ्नो उत्पादनको प्रचारप्रसारका साथै बिचौलियाबिनै थोरै भए पनि सिधै आम्दानी गर्न सफल भएका छन् ।

नुवाकोटको बानियाँटारका मोहनबहादुर घलेलाई शनिवार बिहान दरबारमार्गस्थित ओरियन्ट क्याफे परिसरमा सञ्चालित हाटबजारमा ताइचिन चामल बेच्न भ्याइनभ्याइ थियो । गाउँमा आफ्नै खेतमा फलेको धानको उक्त चामल राम्रो मूल्यका साथ बेच्न पाउँदा उनी खुसी देखिन्थे । 'म काठमाडौंमै बस्छु, घरबाट यहीं बेच्न भनेर बाबुआमाले पठाइदिएको चामल बेचिरहेको छु', उनले भने, 'अर्ग्यानिक चामलको राम्रो व्यापार भइरहेको छ । यहाँ ल्याएर सिधै ग्राहकलाई बेच्न पाउँदा खुसी लागेको छ ।' बिचौलिया बिनै यसरी आफ्नो उत्पादन बेच्दा आम्दानी राम्रो हुने र उपभोक्तालाई पनि सस्तो पर्ने उनको अनुभव छ ।

आफूले प्रतिमाना ६० रुपैयाँका दरले ताइचिन चामल बेच्ने गरेको उनले बताए । ग्राहकले आवश्यकताअनुसार अर्डर पनि गर्ने र सोहीअनुसार डेलिभरीको व्यवस्था गरिएको उनको भनाइ छ। आफ्नो उत्पादनलाई ग्राहकसम्म पुऱ्याउने माध्यम हाटबजार बन्न पुगेकामा उनले खुसी व्यक्त गरे । किसानहरूले हाटबजारमा ल्याएर आफ्नो उत्पादन बेच्ने र अर्डर लिएर पनि डेलिभरी गर्नेसम्मका सुविधा दिँदै आएका छन् ।

हाटबजारमा रैथाने तथा स्थानीय खाद्यान्न, अन्न, गेडागुडी, जडीबुटी, मौसमी अर्ग्यानिक फलफूल तथा तरकारी, हस्तकलाका सामग्री, परम्परागत कृषि औजार,




रैथाने बिउ बिजन, बिरुवा, फूल र प्राङ्गारिक मल उपलब्ध हुने गरेको छ ।

यस्तै नेपाली मौलिक परिकार, दूग्धजन्य उत्पादन, मासुजन्य उत्पादन, रैथाने कृषि उपजमा आधारित बेकरी, कफी, चिया, अन्य घरायसी सामग्री लगायतका वस्तु तथा सेवा उपलब्ध रहेका छन् ।

प्रत्येक शनिवार बिहान ६ बजेदेखि मध्याह्न १२ बजेसम्म लाग्ने हाटबजारमा आफ्नो उत्पादन राख्न चाहने किसानलाई स्टलको व्यवस्था गरिँदै आएको छ ।

काठमाडौंसहित, नुवाकोट, ललितपुर, रामेछाप, रसुवा लगायतका केही किसानले आफ्नो उत्पादन ल्याएर बेच्ने केन्द्रको रूपमा हाटबजारलाई प्रयोग गरिरहेका छन् । कतिपय साना उद्यमीले आफूले स्थानीयस्तरबाट सङ्कलन गरेका रैथाने उत्पादनलाई त्यहाँ ल्याएर प्रचारप्रसार र विक्रीसमेत गर्ने गरेका छन् ।

रामेछापका महिला कृषकहरूले उत्पादन गरेको चारघरे राजमा साप्ताहिक हाटबजारमा राखिएको छ । उक्त उत्पादनको बिक्री प्रतिनिधि रोशनी कपालीले यस्ता हाटबजार आफूहरूको उत्पादन प्रवर्धन गर्न राम्रो प्लेटफम भएको प्रतिक्रिया दिइन् । यस्तै हाटबजार सहित विभिन्न प्रदर्शनीहरूमा उत्पादनको प्रचार प्रसार गरेर राम्रो बिक्री गर्न सकेको बताइन् ।

यस्तै नुवाकोटको पञ्चकन्या एग्रो टुरिजमले पनि ड्रागन फ्रुट्सलगातका आफ्ना उत्पादन ल्याएर हाटबजारमा बेच्ने गरेको छ । यसैगरी नुवाकोटकै घ्याङ्फेदीको अर्ग्यानिक आलु पनि हाटबजारमै पाइन्छ ।

ओखलढुङ्गा स्थायी घर भई हाल ललितपुरमा पिठो तथा सातुको उद्यम गरिरहेकी सुमित्रा भट्टराईले हाटबजारमा आउने ग्राहकले दिने गरेको प्रतिक्रियाले उत्साहित बनाएको बताइन् । उनका अनुसार ओखलढुंगाको रुम्जाटार लगायतका स्थानमा यस्तै हाटबजारहरु बारअनुसार लाग्ने गर्छन् । ती हाटबजारमा स्थानीयले आफ्ना उत्पादन गरेर बेच्ने र आवश्यकता अनुसार खरिद पनि गर्ने गरेको बताउँदै उनले दरबारमार्गको हाटबजारले पनि उपभोक्तामा नयाँपन र कृषक तथा उद्यमीलाई उत्साह पैदा गराएको बताइन् । चामल, मकै, जौ, गहुँ, चना, केराउ लगायतको सातु बेच्दै आएकी उनले यसबाट राम्रो आम्दानी गर्न सकेको बताइन् ।

रैथाने एग्री प्रडक्ट्स नेपालको आयोजनामा हालैमात्रै साप्ताहिक हाटबजारको थालनी गरिएको हो । हाटबजार सुरु गरिएको चार सातामै ग्राहकको राम्रो प्रतिक्रिया पाइसकेको प्रडक्ट्सका अध्यक्ष तिलक ढकालले जानकारी दिए ।

**किसानले कसरी पाउँछन् स्टल ?**

ढकालका अनुसार कृषकले आफ्नो उत्पादन हाटबजारमा राख्नका लागि कुनै शुल्क तिर्नुपर्दैन । तर त्यसका लागि केही सर्तहरू भने राखिएको छ ।

'नेपालबाट रैथाने बालीहरू लोप हुन लागे, रैथाने डोका, डाला, नाम्ला, दाम्ला बनाउने सीपहरू पनि लोप हुन लाग्यो, हाम्रो रैथाने प्रविधिहरू जस्तै जाँतो, हँसियालगायत पनि लोप हुन लागे । यी चिजको संरक्षण र बजारीकरणका लागि हामीले हाटबजारको माध्यममार्फत अघि बढाउन लागेका हौं', ढकालले भने । जसका माध्यमबाट आयआर्जनका साथै देशमै स्वरोजगारको पनि वातावरण सिर्जना हुने उनको भनाइ छ । 'हाम्रो उद्देश्य व्यावसायिक त हो नै तर यसलाई अभियानकै रूपमा लैजान सकियो भने बहुफाइदा पनि छ', उनको भनाइ छ ।

'रैथाने बालीमा शुद्धता र पौष्टिकता छ, त्यसलाई जोगाउन सकियो भने मानव स्वास्थ्यलाई पनि राम्रो हुन्छ', उनले थपे, 'रैथाने बालीले धेरै विकासे मल खोज्दैन । विषादी पनि खोज्दैन । धेरै किरा र फट्याङ्गाले पनि आक्रमण गर्दैन । कम पानी भए हुने बालीहरू पनि छन् । ती समग्र चिजहरूलाई समेट्न सकेको खण्डमा देशमै केही गर्न सकिन्छ । साथसाथै स्वदेशी उत्पादनलाई पनि प्रवर्धन गर्न सहयोग हुन्छ।'

उनले रैथाने एग्रीले करिब ५० जिल्लाका १० हजार भन्दा बढी किसानहरूसँग मिलेर काम गरिरहेको बताए । जसमा ७२ वटा सहकारीहरू पनि आबद्ध रहेको भन्दै उनले आफूहरूको उद्देश्य नै स्थानीय उत्पादनको बजारीकरण भएको बताए ।

रैथाने एग्री एउटा कम्पनी भए पनि यसबाट मात्रै बिक्री नगरेर किसानलाई नै सिधै आफ्नो उत्पादन ग्राहकलाई बेच्ने वातावरण तयार गर्न हाटबजारको अवधारणा ल्याएको उनको भनाइ छ। छोटो समयमै दरबारमार्गको हाटबजारमा उपभोक्ताको आकर्षण बढेको र छिट्टै बूढानीलकण्ठ र कालीमाटी क्षेत्रमा पनि विस्तार गर्न लागिएको ढकालले बताए । साथै यसलाई उपभोक्ताले साथ दिए देशव्यापी बनाउने बताउँदै उनले राजधानीमा पनि आवश्यकता अनुसार थप ठाउँमा विस्तार गर्दै जाने योजना रहेको सुनाए ।

किसानका उत्पादनहरू शुद्ध, रैथाने, विषादीरहित र स्वदेशी भएको खण्डमा जोकोहीले हाटबजार मार्फत बेच्न पाउने उनको भनाइ छ । 'पहिलो पटक हामीले यसरी काठमाडौंमा हाटबजार चलाएका हौं । सिक्दै सिकाउँदै अघि बढिरहेका छौं', उनले भने, 'यो त हरेक वडा वडामा विस्तार गरिनुपर्छ । रैथाने उत्पादनलाई प्रमोट गरिनुपर्छ ।'

उनका अनुसार स्टल राख्न चाहने किसानले रैथाने एग्रीलाई सम्पर्क गर्नुपर्ने छ । त्यसका लागि एग्रीले सात सदस्यीय बजार व्यवस्थापन तथा अनुगमन समिति बनाएको छ । किसानले सिधै सोही समितिलाई फोन गरेर स्टल लिन सक्ने उनको भनाइ छ । यसरी स्टल लिँदा कुनै शुल्क लिनु नपर्ने उनको भनाइ छ ।

स्टल राख्न उत्पादन रैथाने, विषादीरहित तथा स्वदेशी हुनुपर्ने सर्त भने रहेको ढकालले दोहोऱ्याए । यो क्राइटेरियामा पूरा भएको खण्डमा आफ्नो उत्पादन हाटबजारमा निर्बाध रूपमा सकिने उनको भनाइ छ । यसरी हाटबजारमा सामान बेच्दा उपभोक्तालाई सस्तो र किसानलाई पनि भाउ आउने उनको भनाइ छ । यसबारे बुझ्न तथा सहजीकरणका लागि किसानले फोन नम्बर ०१-४०१५६६२ वा मोबाइल नम्बर ९८५१०८९९९४ मा सम्पर्क गर्न सक्ने ढकालले बताए ।

अहिले दरबारमार्गमा मात्रै सीमित भए पनि आवश्यकता अनुसार विस्तार गरिँदै जाने भएकाले किसानलाई स्टलको अभाव नहुने ढकालको भनाइ छ ।

हाटबजार सञ्चालनका लागि दरबारमार्गमै ओरियन्ट क्याफे सञ्चालन गर्दै आएका उद्धव ढकालले रैथाने एग्रीलाई नि:शुल्करुपमा आवश्यक सहयोग गर्दै आएका छन् । दरबारमार्गस्थित राष्ट्रिय वाणिज्य बैंकसँगैको उनकै क्याफे परिसरको खुला ठाउँमा रैथाने हाटबजार सञ्चालन हुँदै आएको हो ।

व्यवसायसँगै समाजसेवा पनि होस् भनेर आफूले ठाउँ उपलब्ध गराएको ढकालको भनाइ छ । महानगरपालिकाले अहिले फुटपाथमा व्यापार गर्न रोक लगाएको अवस्था र उपभोक्तालाई पनि सहज हुने बुझेर हाटबजार सञ्चलनमा सहजीकरण गरेको ढकालको भनाइ छ ।

'किसान र उपभोक्ता सिधै जोडिन पाउँदा दुवै पक्षलाई फाइदा भएको प्रतिक्रिया हाटबजार बाट पाएको छु', उनले भने ।

सिधै किसानले ल्याएको हरियो तरकारीदेखि विभिन्न स्थानीय उत्पादन खरिद गर्न पाउँदा खुसी लागेको शनिवार हाटबजारमा भेटिएका समाजसेवी राजु गुरुङले बताए । यो राम्रो अभ्यास भएकाले यसलाई सबै मिलेर प्रोत्साहन गर्नुपर्नेमा उनले जोड दिए ।


हुन पनि किसानले हाटबजारमा आफ्नो सामान ल्याएर थोरै भए पनि आम्दानी गर्न सफल भएका छन् । गोदावरीको पाल्लेछापबाट काँक्रो बेच्न पुगेका मुक्तिनाथ महर्जनले आफूले शनिवार शनिवार आएर औसत ३ हजारको हाराहारीमा काँक्रोबाट आम्दानी गर्न सफल भएको बताए । त्यसमाथि स्टल राखेको पैसा पनि तिर्नु नपर्ने भएकाले राम्रो अवसर भएको उनको भनाइ छ ।

हाटबजारमा गाइको घिउ, स्थानीय आलु, पिठो, तेलसहित विभिन्न जिल्लामा उत्पादित गेडागुडी र स्थानीय फलफूल र तरकारीमात्रै होइन पानी घट्ट, ढिकी, जाँतो, हलोलगायतका गाउँले परिवेशका आकर्षक हस्तकलाको समेत प्रदर्शन र बिक्री गर्ने गरिएको छ । जुन हस्तकला सजावटका लागि आकर्षक बन्न सक्छ ।

हाटबजार सञ्चालनको चौथो सातासम्म आइपुग्दा उपभोक्ताको सकारात्मक प्रतिक्रिया त आएको छ नै अझ आफूसँग भएका उत्पादन ल्याएर बेच्न पाउँदा बिचौलियाबाट आक्रान्त बनेका किसानलाई थोरै भए पनि राहत मिलेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# शशि कपूरका छोरा करण, जो हिरोमा चलेनन्



काठमाडौं/कपूर खानदानले बलिउडमा दशकौंदेखि राज गरिरहेको छन् । ६० को दशकका सुपरस्टार पृथ्वीराज कपूर पछि अहिले बलिउडमा यो परिवारको चौँथो पुस्ता सक्रिय छ । राज कपूर, ऋषि कपूर, रणधीर कपूर, शशि कपूर, शम्मी कपूर हुँदै करीना कपूर, रणबीर कपूरले समेत बलिउडमा गर्विलो उपस्थिति जनाएका छन् । आफ्नो दमदार अभिनय र गुड लुक्सले उनीहरु सधैं चर्चामा रहन्छन् ।

तर, यो परिवारका केही सन्तान यस्ता पनि छन्, जसलाई दर्शकले रुचाएनन् । त्यसमध्ये एक हुन्, ६०/७० को दशकका सुपर स्टार शशि कपूरका छोरा करण कपूर । उनले बलिउडमा आफ्नो करिअर बनाउन खोजेको भए पनि सफलता पाउन सकेनन् । अन्ततः उनले अभिनयबाटै विदा लिए । यसको प्रमुख कारण उनको विदेशी लुक्सलाई मानिन्छ । उनको लुक्स आमासँग दुरुस्तै मिल्थ्यो ।

शशि कपूरले सन् १९५८ मा बेलायती अभिनेत्री जेनिफर केन्डलसँग विवाह गरेका थिए । उनीहरुबाट कुणाल कपूर, करण कपूर र सञ्जना कपूर गरी तीन सन्तान भएका थिए । शशि कपूर बलिउडका ठूला सुपरस्टार थिए । उनको बेग्लै चार्म थियो । तर, उनका छोरा करणको भने बलिउड यात्रा सुखद रहन सकेन । पिताको नामका कारण उनले फिल्म त पाए तर सफलताबाट विमुख भए ।

शशि कपूर आफैंले निर्माण गरेको फिल्म 'जुनून'बाट करणले बलिउडमा डेब्यू गरेका थिए, जुन सन् १९७८ मा रिलिज भएको थियो । यो फिल्मलाई समीक्षकले रुचाएका थिए । यसपछि उनले 'सल्तनत', 'लोहा' र 'अफसर' फिल्ममा काम गरे । तर, यी कुनै फिल्म सफल भएनन् । यसपछि करणले फिल्मबाट नाता नै तोडिदिए । अहिले उनी विश्वका प्रख्यात फोटोग्राफरको रुपमा परिचित छन् ।

# दुई दशकपछि फेरि बन्दै 'हामी तीन भाई', सुरु भयो छायांकन



काठमाडौं/मधुसुदन भट्टराईको निर्देशनमा फिल्म 'हामी तीन भाई'को छायांकन सुरु भएको छ । शुक्रबार स्क्रिप्ट, क्ल्याप र क्यामेरा पूजा गर्दै मकवानपुरस्थित चित्लाङबाट फिल्मको छायांकन सुरु गरिएको हो ।

फिल्मको छायांकन सेड्युल एक महिनाको रहेको निर्देशक भट्टराईले जानकारी दिए । पारिवारिक प्रेमकथामा आधारित भएर बन्न लागेको फिल्मको प्रस्तुतकर्तामा साजित महत रहेका छन् ।

निर्देशक भट्टराई स्वयंको कथा रहेको फिल्ममा विनोद न्यौपाने, लक्ष्मी बर्देवा, कुशल बिष्ट, आश्मा गिरी, जाहान्वी बस्नेत, राजाराम पौडेल, रवीन्द्र झा, फलित राई, बिष्णु सापकोटा (हर्के हवल्दार), यादव देवकोटा (सरापे), भुवन कुमार काफ्ले, पवन केसी, नयन कला फुयाँल, अन्जु हमाल, विकास चापागाई, सुष्मा निरौला, तारा शर्मा र बाल कलाकारमा एलेक्स खड्काको अभिनय रहनेछ ।

प्रसिद्धि सिने आट्सको ब्यानरमा निर्माण हुन लागेको फिल्ममा विक्रम तामाङ कार्यकारी निर्माता, त्रिरत्न श्रेष्ठ निर्माता र प्रतिमा थापा पोखरेल र भक्तलाल श्रेष्ठ सिनेमाको सह-निर्मातामा छन् । त्यस्तै, विशेष सहयोगीमा शम्भु कुमार केसी र मनोज श्रेष्ठ रहेका छन् । शिवम् अधिकारीको पटकथा र संवाद रहेको फिल्मको छायाँकार शिव ढकाल हुन् । फिल्ममा एसबी सापकोटाले संगीत दिनेछन् ।

फिल्ममा कविराज गहतराजको कोरियोग्राफी, देव महर्जनको द्वन्द्व निर्देशन, एलिस कार्कीको पार्श्व संगीत, मुकेश शाहको मिक्सिङ, समिर मियाँको भीएफएक्स र बनिष शाहको सम्पादन रहनेछ । दुई दशक अगाडि स्वर्गीय निर्देशक शिव रेग्मीले 'हामी तीन भाई' नाममा फिल्म बनाएका थिए, जुन त्यसबेला सुपरहिट भएको थियो । अब यो फिल्मको साख जोगाउनुपर्ने चुनौती मधुसुदनलाई छ ।

# स्टार्टअप स्टार बन्दैछन् बलिउड स्टार नायिका

काठमाडौं/कपडाको ब्रान्ड एड-अ-मम्मा सुरु गरेको तीन वर्षमै बलिउडमा धेरै खोजी गरिने नायिका आलिया भट्टले राम्रै पैसा कमाइन् । समाचारहरुका अनुसार उनको ब्रान्डलाई अब भारतको ठूलो व्यापारिक घराना रिलायन्स इन्डस्ट्रिजले खरिद गर्दैछ । उनको ब्रान्डलाई रिलायन्सले ३ अर्ब भारतीय रुपैयाँ खर्चेर स्वामित्व लिन खोजेको हो ।

रिलायन्सले यसको स्वामित्व लिएको खण्डमा बलिउडमा स्थापित स्टारहरुले उपभोक्ताका अधिक प्रयोग गर्ने सामग्रीमा ब्रान्ड बनाउने काम बढ्ने लगानीकर्ता भाष्कर मजुमदर बताउँछन् ।

स्टार्टअपमा लगानी गर्ने मध्येका कलाकारमा भट्ट मात्रै छैनन् । दीपिका पादुकोणले पनि गत वर्ष छाला स्याहार सम्बन्धीको ब्रान्ड ल्याएकी थिइन् । त्यही समयमा उनका पति रणवीर सिंहले कस्मेटिक दुनियाँमा निकै ख्याति कमाएको सुगर कस्मेटिकमा लगानी समेत गरेका थिए । बलिउडलाई नजिकबाट नियाल्नेहरुका अनुसार कलाकारहरुले गरिरहेको लगानीको कुनै नौलो विषय होइन । यो क्रम सन् २०१० देखि बढेको जानकारहरु बताउँछन् । बलिउडका हस्ती सलमान खानले पनि सन् २०१२ मा यात्रा नामक घुमफिर सम्बन्धी पोर्टलमा लगानी गरेका थिए ।

स्टार्टअपको दुनियाँमा भारत हाल विश्वकै तेस्रो स्थानमा रहेकाले पनि यसमा धेरै नै आकर्षित भएका छन् । सन् २०२२ मा १४ भारतीय कलाकारले १८ वटा स्टार्टअप कम्पनीमा लगानी गरेका थिए । ती कम्पनीहरुले हाल राम्रै मुनाफा कमाइरहेको तथ्यांक छ ।

कलाकारहरुले अधिकांश लगानी सीधै उपभोक्तामा पुग्ने सामग्रीमा लगानी गरेका छन् । यस्तै उनीहरुले केही रकम खाद्य प्रविधि, शैक्षिक प्रविधि र प्रविधिमा केन्द्रित व्यापारमा लगानी गरेका छन् ।

बलिउडका सेलिब्रेटीहरु लगानीकर्ताका रूपमा पनि चिनिन चाहेको मूल्यांकन सल्लाहकार अविरल जैन बताउँछन् । 'आलिया भट्टले आफ्ना दर्शकलाई कसरी आफ्नो ब्रान्ड प्रयोगमा ल्याउनका लागि आकर्षित गर्न सकिन्छ र कसरी घर मै सुरुवात गरेको व्यापारलाई सफल बनाउन सकिन्छ भनेर उदाहरण पेश गरेपछि कलाकारहरुमा लगानीकर्ता बन्ने र व्यापारमा छिर्ने चाहना बढेको छ । उनीहरु सेलिब्रेटी मात्रै होइन स्मार्ट लगानीकर्ता पनि बन्ने कोसिस गर्दैछन्', जैनले भने ।

यता बलिउडकी चर्चित नायिक अनुष्का शर्माले पनि बिरुवाबाट मासुमा झैं पौष्टिकतत्व उत्पादन गर्ने कम्पनीमा लगानी गरेकी छिन् । वित्तीय व्यवस्थापनका लागि विगतमा परिवारमा निर्भर हुने धेरै कलाकारमा हाल पैसा र लगानीको दृष्टिकोणमा धेरै बदलाव आएको छ ।

क्रिकेटमा लगानी गरेका बलिउड सुपरस्टार शाहरुख खान भने सफल व्यवसायी बनिसकेका छन् । यो हुलमा टाट पल्टिएका नामी कलाकार पनि छन् । बलिउडका अग्रज सुपरस्टार अमिताभ बच्चन र अर्का स्टार ज्याकी श्राफ भने व्यापारबाट टाट पल्टिए । उनीहरुको रेष्टुरेन्ट र फिल्म प्रोडक्सन हाउस दुवै चल्न सकेन । नवीन स्टारहरुले भने पैसा, घरजग्गा, पूर्वाधार जस्ता पुरातन क्षेत्रमा मात्रै नभएर लगानीलाई विविधीकरण गर्न थालेका छन् । अचेलका स्टारहरुले लगानीलाई विविधीकरण गर्न थालेका छन् ।

# रक्तचाप नाप्न उपयुक्त उपकरण र ध्यान दिनुपर्ने कुरा

शरीरमा रक्तचापको अवस्था कस्तो छ भनेर नाप्नका लागि स्फिग्मोम्यानोमिटरको प्रयोग गरिन्छ । यसलाई सामान्य भाषामा ब्लड प्रेसर मोनिटर मेसिन भनेर बुझिन्छ ।

रक्तचाप तीन तरिकाले जाँच्न सकिन्छ, मर्करी, एनालग र डिजिटल । यसमध्ये पुरानो प्रविधि मर्करी उपकरण आजभोलि खासै प्रयोगमा छैन । एनालग उपकरण अस्पताल र क्लिनिकमा रक्तचाप परीक्षणका लागि प्रयोग गरिन्छ भने डिजिटल स्फिग्मोम्यानोमिटर घरमा व्यक्ति स्वयंले पनि प्रयोग गर्न सक्छन् ।

**यसमध्ये कुन बढी भरपर्दो हुन्छ त ?**

यसमा चिकित्सक र मेडिकल उपकरण सामग्री जानकार एउटै जवाफ दिन्छन्- म्यान्युल । यसले रक्तचापको सही मापन देखाउने उनीहरु बताउँछन् ।

डिजिटलमा भने पहिलो पटकमा नै रक्तचाप मापन सही मान्न नहुने वा केही प्रतिशत घटबढ हुने भक्तपुरको ख्वप अस्पतालका एमडी मेडिकल इन्टरनल चिकित्सक अमर प्रजापति बताउँछन् । 'डिजिटलबाट सही मापन देखाउन तीनपटकसम्म नाप्नुपर्ने उनी




बताउँछन् । त्यस्तै उनले यदि तीनपटक जाँच गर्दा रक्तचाप कम देखाए कम, बढी देखाए बढी भनेर बुझ्नुपर्ने उनको भनाइ छ । तर यस्तो भन्दैमा डिजिटल नराम्रो वा काम नै नलाग्ने, यसले नाप्नै हुँदैन भन्ने होइन,' उनले भने ।

डिजिटल मेसिन व्यक्तिगत रुपमा प्रयोग गर्न उत्तम हुन्छ । यदि घरमा कोही उच्च रक्तचाप, मधुमेह, कोलेस्टोरोल मात्रा बढेका, मुटुरोग र फदयघातका बिरामी छन् भने उनीहरुको लागि एकदम उपयोगी र लाभदायक हुने डा. प्रजापति बताउँछन् ।

नेपाल बायोमेडिकल एसोसिएसनका पूर्वकोषाध्यक्ष तथा क्लासिक इन्टरप्राइजेजका प्रालिका सञ्चालक जिवेश कोइरालाले पनि सहमति जनाउँदै डिजिटल ब्लड प्रेसर नाप्ने उपकरणमा १०-१५ प्रतिशत तलमाथि हुने सुनाउँछन् । त्यसैले सकेसम्म जाँच गर्न सक्ने नजिकै कोही छ भने म्यान्युलबाट नै गराउँदा उपयुक्त हुने कोइराला सुझाउँछन् । तर यस्तो भन्दैमा यस्ले जाँच्नै हुँदैन भन्ने होइन, जमाना अनुसार इक्युपमेन्ट फेन्ड्ली हुनुपर्छ,' उनले भने, 'साथै यो कसैको सहायता बिना आफैंले जहाँ पनि जहिले पनि नाप्न सकिन्छ ।'

**मूल्य कति ?**

अहिले बजारमा सामान्यतया लगभग ३५ सयदेखि २५ हजार सम्मका डिजिटल ब्लड प्रेसर नाप्ने उपकरण पाइने कोइराला बताउँछन् । त्यस्तै घरमा प्रयोग वा व्यक्ति प्रयोग गर्ने लागि भने २५ सयदेखि आठ हजार रुपैयाँसम्मका उपकरण प्रयोग हुने उनी बताउँछन् ।

ब्लड प्रेसर नाप्ने मेसिन ब्याट्री राख्ने र चार्ज गर्ने मिल्ने दुवै खालका हुन्छन् ।

**रक्तचाप जाँच्दा के नगर्ने ?**

डा. प्रजापतिका अनुसार हतारमा क्लिनिक वा अस्पताल पुग्नेबित्तिकै रक्तचाप जाँच गराउनु हुँदैन । हिंडडुल, दौडिएको वा व्यायाम गर्ने बित्तिकै तुरुन्त रक्तचाप परीक्षण गर्नुहुँदैन । चिकित्सकले रक्तचाप नापिरहेको बेला कुराकानी गर्नु हुँदैन । रक्तचाप नाप्दा निहुरिएर वा उत्तानो परेर बस्नु हुँदैन, सीधा बस्नुपर्छ ।

पिसाब लागेको बेला रक्तचाप नाप्नु हुँदैन । सकेसम्म खुट्टाले जमिन वा बसेको स्टुलको टेक्ने ठाउँमा आड लागेको हुनुपर्छ । लुगाबाहिर रक्तचाप नाप्ने मेसिनको कफ (बीपी कफ)लाई बाध्नु हुँदैन । यी कुरा गरेमा रक्तचापको सही मापन देखाउँदैन । यस्तो अवस्था रक्तचाप जाँच गर्दा उच्च वा गलत मापन देखाउने सम्भावना हुन्छ । घरमा जाँच गर्दा पनि यही कुरा त्याग्नुपर्छ ।

**कसरी गर्ने रक्तचाप परीक्षण ?**

रक्तचाप परीक्षण गर्नुअघि पाँच मिनेट शान्तसँग बस्नुपर्छ । रक्तचाप परीक्षणका क्रममा शान्त बस्न नबोलिकन, प्रेसर नाप्दा शरीर सीधा भएर बस्नुपर्छ । रक्तचाप परिक्षण गराउँदा बीपी कफले रक्तचाप नापिने व्यक्तिको पाखुराको छाला छोएको हुनुपर्छ ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*




भीमफेदी गाउँपालिकाको ४ नम्बर वडास्थित निर्माणाधीन बाराही पार्क परिसरमा स्थानीय समुदायको सक्रियतामा वृक्षरोपण गरिएको छ । वडाअध्यक्ष सागर पाण्डेको अगुवाईमा स्थानीयको सहभागितामा अशोक, कपुर, बकैनालगायतका २२ थरीका विरुवा रोपिएको हो । वृक्षरोपण भएको क्षेत्रमा गाउँपालिकाको लगानीमा खेलकुद मैदान पनि निर्माण भइरहेको छ । 'हामी भाषण गर्दैनौ, व्यानर टाङ्दैनौं तर, रुख रोप्छौ ताकी सिंगो वायुमन्डलमा यसको प्रभाव रहोस' वडाअध्यक्ष पाण्डेले भनेका छन् । वडा कार्यालयको अगुवाईमा आगामी हप्ताको शनिवार स्थानीय गुम्बालगायत गुन्डिङ क्षेत्रमा वृक्षरोपण गर्ने योजना रहेको वडाध्यक्ष पाण्डेले बताए । *तस्बिर: साझाकुरा ।*

# मकवानपुरमा प्रहरीका ८ भवन निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ बागमती प्रदेश सरकारको लगानीमा मकवानपुरमा ८ वटा प्रहरी भवन निर्माण भएका छन् । मकवानपुरमा प्रहरीका लागि थप भवन निर्माणको चरणमा पनि छ ।

प्रदेश सरकारले मकवानपुरमा मात्र नभई प्रदेशका सबै जिल्लामा प्रहरीका लागि आवश्यक भवन निर्माणका लागि बजेट बिनियोजन गरेर काम गर्दै आएको छ । बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले हालसम्म प्रहरीका लागि ४९ वटा भवन निर्माण सम्पन्न गरि सकेको छ । यतिबेला प्रहरीका लागि १८ वटा भवन निर्माणाधीन छन् ।



प्रदेश प्रहरी कार्यालय अन्तर्गत विभिन्न स्थानका प्रहरीचौकी र इलाका प्रहरी कार्यालय भवन निर्माण भएको हो। मन्त्रालयले प्रदेश सरकार गठनपश्चात् पहिलो चरणमा एक अर्ब १० करोड ९९ लाख १३ हजार रुपैयाँ लगानीमा प्रहरी भवन निर्माण गरेको छ भने दोस्रो चरणमा ७३ करोड ५८ लाख ६ हजार रुपैयाँ खर्च हुने जनाएको छ । प्रदेश सरकारले मकवानपुरमा आठ, चितवनमा पाँच, सिन्धुलीमा सात, रामेछापमा चार, दोलखामा चार, नुवाकोटमा तीन, काभ्रेमा आठ, धादिङमा तीन, रसुवामा चार, सिन्धुपाल्चोकमा तीनवटा भवन निर्माण सम्पन्न गरिसकेको जनाएको छ ।

मकवानपुरमा सशस्त्र प्रहरी गण नं. ३ रातोमाटे, प्रहरीचौकी कान्द्राङ, जिल्ला ट्राफिक प्रहरी कार्यालय, प्रहरी चौकी रातोमाटे, इलाका प्रहरी कार्यालय ठिंगन, प्रहरीचौकी डाँडाखर्क, प्रहरीचौकी हात्तीसुँडे, प्रहरीचौकी ठुलोदमार निर्माण सम्पन्न भइसकेको छ । चितवनमा प्रहरीचौकी चैनपुर, प्रहरीचौकी सीतारामचोक, प्रहरीचौकी सुमेस्नरमाडी, प्रहरीचौकी कल्याणपुर माडी र प्रहरीचौकी पञ्चकन्याको भवन निर्माण सम्पन्न भइसकेको छ ।

हालसम्म ६७ वटा प्रहरी एकाइ निर्माणका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालय बागमती प्रदेशबाट सहयोग भइसकेको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ । प्रदेश सरकारले यसै अन्तर्गत रहेको प्रहरी भवन निर्माणमा अर्बौं रुपैयाँ खर्च गरिसके पनि प्रहरी समायोजन भने हुन सकेको छैन । बागमती प्रदेशले प्रदेश प्रहरी ऐन, २०७७ जारी गरिसकेको छ ।

संविधानको धारा २६८ को उपधारा २ मा प्रत्येक प्रदेशमा प्रदेश प्रहरी संगठन हुनेछ भनिएको छ । उपधारा ३ मा नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागसम्बन्धी अन्य व्यवस्था संघीय कानुनबमोजिम हुने छ भनिएको छ । अर्थात् प्रदेश प्रहरी र संघीय कानुन दुवै संवैधानिक व्यवस्था हो ।

यसैगरी, मन्त्रालयले आर्थिक वर्ष २०८०/८१ मा चार जिल्लाका पाँच स्थानमा छ करोड ४४ लाख ६५ हजार लागतमा पाँचवटा प्रहरी भवन निर्माण गर्ने लक्ष्य राखेको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सूचना अधिकारी सुरेन्द्र कार्कीका अनुसार मकवानपुर, चितवन, सिन्धुली, रामेछाप र मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा प्रहरी भवन निर्माण हुने बताए ।

चालु आवमा ९७ लाख ३३ हजार रुपैयाँ लागतमा चितवनको रत्ननगर टाँडी, ८४ लाख २२ हजार रुपैयाँमा मकवानपुर जिल्ला प्रहरी कार्यालयमा महिला ब्यारेक भवन, एक करोड ९८ लाख लागतमा मकवानपुरगढीमा इलाका प्रहरी कार्यालय, एक करोड ३३ लाख लागतमा सिन्धुली-४, खाङसाङ फिक्कलमा प्रहरीचौकी भवन र एक करोड ३२ लाख रुपैयाँको लागतमा रामेछापमा जिल्ला ट्राफिक कार्यालय भवन निर्माण हुने जानकारी दिए ।

# 'मानवअधिकार कार्यान्वयनमा सरकार जिम्मेवार हुनुपर्छ'

साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक)को आयोजनामा मानवअधिकार तथा महिलाअधिकारको दुई दिने तालिम समापन भएको छ ।




मकवानपुरको मनहरी गाउँपालिका र हेटौंडा उपमहानगर पालिका-१९ का स्थानीय महिला तथा पुरुषलाई मानवअधिकार, महिलाअधिकार तथा क्षमता अभिवृद्धिसम्बन्धी दुई दिने तालिम १९ साउन शुक्रबारबाट सुरु भएको थियो । जिल्ला अदालत मकवानपुरका न्यायधीश ऋषिराम निरौलाले मानवअधिकारको बारेमा आफ्नो अनुभव बताए । उनले दोधार भएका कुराहरु बारे स्पष्ट हुनुपर्ने र तालिममा सिकेका कुरालाई पनि सिकाउन आग्रह समेत गरेका छन् । तालिम प्राप्तिपछि कार्यान्वयनका लागि स्थानीय तहमा गएर समूहमा थप छलफल गर्नुपर्ने, आयआर्जनका लागि केही वस्तु र सामग्री मागेर नभई सीप र ज्ञान तथा प्रविधिको विकास र प्रयोग गर्न सके दिगो रुपमा र स्थायित्व कायम हुने निरौलाले उल्लेख गरे ।

तालिममा इन्सेकका महासचिव डा.रघुनाथ अधिकारीले लैगिंक समानताको मध्यनजर गर्दै सबै कार्यक्रममा महिलाको पनि सहभागिता हुन जरुरी रहेको बताए । अवसर र पहुँचको अभावका कारण अझै पनि महिला, दलित र विपन्न वर्ग अधिकारको पहुँचबाट पिछडिएको महासचिव डा. अधिकारीले सुनाए । बञ्चित रहेका वर्गलाई विकासको मूल प्रवाहिकरणसँगै मानवअधिकारमैत्री विकास हुनुपर्नेमा जोड दिए । आर्थिक उन्नयन बिना मानवअधिकार प्राप्त हुन नसक्ने हुँदा सचेतना शिक्षाका लागि यस्ता कार्यक्रमले ठूलो भूमिका खेल्ने उनको भनाई छ ।

राष्ट्रिय मानवअधिकार आयोग, बागमती प्रदेशका प्रमुख यज्ञप्रसाद अधिकारीले नागरिक अधिकार र राजनीतिक अधिकारको साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको विकासमा सचेत र हनुपर्नेमा जोड दिए । मानवअधिकारको विकासमा सबै जनता बलियो भयो भने स्थानीय सरकार पनि बलियो हुने उनको भनाइ छ । मानवअधिकार अराजकता होइन, यसमा अधिकारसँगै कर्तव्य पनि निर्वाह रहने उनले बताए ।

हेटौंडा उपमहानगर पालिका वडा नम्बर १९ का वडाध्यक्ष नरनाथ सुवेदीले इन्सेकद्वारा सञ्चालित कार्यक्रमहरुको उपलब्धी, सिकाई, चुनौती र दिगोपनका विषय निकै महत्वपूर्ण रहेको बताए । मानवअधिकार उल्लंघनको विषय सबैले वडा कार्यालयमा जानकारी गराएमा यसको कानुन बनाउन र कार्यन्वयन गर्न सजिलो हुने सुवेदीको भनाई छ । मनहरी गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष प्रकाश थापाले मानवअधिकारको कुरामा सबैले जानकारी लिनु उपयुक्त रहेको बताए ।

अधिकारको साथसाथै शिक्षा, स्वास्थ्य र सामाजिक कुरामा पनि ध्यान दिनुपर्नेमा उनले बताए । हरेक तालिममा महिलाको साथसाथै पुरुषलाई पनि सहभागी गराउन सकेमा दुवैले समान रुपमा मानवअधिकार बारे बुझ्न पाउने उनको आग्रह थियो । मनहरी-१ का वडाध्यक्ष शिवप्रसाद खनालले हरेक कुरामा अगाडि बढ्न आफैंमा सक्षम बन्न जरुरी रहेको बताए । महिलाअधिकारको तालिममा पुरुषलाई पनि सहभागी गराउनु पर्नेमा खनालले जोड दिएका छन् ।

तालिममा इन्सेक कार्यक्रम संयोजक कृष्णप्रसाद नेपालले तालिमको उद्देश्यमाथि प्रकाश पार्दै कार्यक्रम सञ्चालित स्थानीय तहमा मानवअधिकारलाई सुदृढ बनाउनको लागि मानवअधिकार समूहमार्फत सचेतना कार्यक्रम, जनप्रतिनधिका लागि मानवअधिकार र महिला अधिकारबारे क्षमता अभिवृद्धि कार्यक्रम र स्थानीय सरोकारहरुसँग शिक्षा, स्वास्थ्य, खाद्य अधिकारबारे सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमहरु गरी समुन्नत समाज निर्माणमा पैरवी गरिरहेको बताए । डब्लुपिडिकी फिल्ड सुपरभाइजर तिलकुमारी हुमागाईंले अधिकार तथा आर्थिक विकासमार्फत महिला सशक्तिकरण गर्नको लागि महिला र पुरुष दुवै समन्वय र सहकार्य गर्दै महिलालाई आयआर्जनमूलक कार्यमा आफैं आत्मनिर्भर हुनुपर्ने बताएकी छन् ।

इन्सेकका बागमती प्रदेश संयोजक गणेश भण्डारीले मानवअधिकार समूहका सदस्यलाई दिइएको यस तालिमले स्थानीयस्तरमा हुने मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटनाको पहिचान गर्न सहज हुने बताए । यस्तै, स्थानीय पालिका मानवअधिकारमैत्री बन्नुपर्नेमा उनले जोड दिए । संयोजक भण्डारीले वडामा आयआर्जनमा आवद्ध महिला समूहलाई मानवअधिकार महिला अधिकार घरेलुहिंसाको पहिचान न्याय प्रक्रियामा पहुँच र नेतृत्व विकासको पाटोमा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो तालिमको आयोजना गरिएको बताए ।

# नगरप्रहरी राख्दै मनहरी गाउँपालिका

साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ मनहरी गाउँपालिकाको कार्यपालिका बैठकले नगरप्रहरी व्यवस्थापनसम्बन्धी कार्यविधि पारित गरेको छ । मनहरीमा नगरप्रहरी राख्नका लागि कार्यबिधि निर्माण गरिएको हो ।

१६ साउनमा बसेको कार्यपालिका बैठकले कार्यविधि पारित गरेको प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले बताए । योसँगै गाउँकार्यपालिकाको बैठकले अन्य २ वटा कार्यविधि पनि पारित गरेको छ । कार्यपालिकाको निर्णय अनुसार गुट्खाजन्यपदार्थ नियमन र नियन्त्रण गर्ने कार्यविधि र शिक्षक सरुवा तथा प्रधानाध्यापक नियुक्तिसम्बन्धी कार्यविधि २०८० पारीत गरिएको श्रेष्ठले बताए ।

गाउँसभाको १३ औं अधिवेशनबाट नीति तथा कार्यक्रममा समेटिएका यी तीनैवटा विषयमा कार्यविधि तयार पारी आवश्यक कार्यान्वयनको प्रक्रियामा रहेको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी दिए । गाउँपालिकाको नीति नियमलाई निशर्त पालना गराउन नगरप्रहरीको आवश्यकता रहेकोले नगरप्रहरी व्यवस्थापनसम्बन्धी कार्यविधि पारित गरिएको बताए । गाउँपालिकाले गुट्खा




जन्य पदार्थ बिक्री वितरणमा गत श्रावण १५ गतेदेखि नै रोक लगाइएको र त्यसो गरिएमा सामग्री जफत गरिने तयारी भएको तर, योकार्य अन्य कर्मचारीले गर्न नसक्ने भएकोले नगरप्रहरी राख्न लागिएको बताइको छ । धेरै कामका लागि नगरप्रहरीको आवश्यकता महसुस भएको उनले बताए । साथै यस्तै क्रियाकलापमा नगरप्रहरीलाई परि चालन गरिने उनले बताए ।

नगरप्रहरीको छिट्टै विज्ञापन प्रकाशन गरी छनोट प्रक्रियामा जाने र भदौबाट कार्यान्वयनमा ल्याउने गरी अघि बढेको श्रेष्ठले बताए । यसैगरी शिक्षक सरुवा र प्रधानाध्यापक छनोटको विषयमा आगामी भाद्रदेखि कार्यान्वयन गर्ने उनले बताए । हाल वर्षेबिदा भएको र आगामी भाद्रमा सबै विद्यालयमा यो कार्यविधि अनुरुप लागू गरिने श्रेष्ठको भनाई छ ।

# पशुपति मन्दिरमा फूल रोपियो




साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर-४ मा रहेको पशुपतिनाथ मन्दिर परिसरमा फूलका विरुवा रोपिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ समितिले मन्दिर परिसरमा पुष्प तथा वृक्ष रोपन गरेको हो । मन्दिर परिसरमा एक सयवटा भन्दा बढी फूलका विरुवा रोपिएको कार्यक्रम संयोजक रामहरि प्रसाईंले जानकारी दिए । कार्यक्रममा पार्टी जिल्ला उपसंयोजक प्रकाश गौतम, क्षेत्रीय सदस्य टाकाराज थापा (सुरेश), किशोर अर्याल, नगरसभापति ध्रुव विष्ट, नगरउपसभापति सपना कंडेल, नगर संगठन विभाग प्रमुख विशालराज महत, नगरसचिव प्रेम लामिछाने, नगर सदस्य महेन्द्र श्रेष्ठ, विनोद पौडेल, राम न्यौपानेलगायतको उपस्थिति रहेको थियो ।

# रातोमाटेबाट चारजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका वडा नं. १५ रातोमाटेबाट ९ किलो १५० ग्राम लागुऔषध गाँजा सहित चार जना पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पर्सा पटेर्वा सुगौली गाउँपालिका वडा नं. १ बस्ने ३१ बर्षीय धनराज गिरी, भारत सीतामडीका १९ बर्षीय दीपक यादव, धनुषा महेन्द्रनगर नगरपालिका-११ बस्ने १९ बर्षीय रविकुमार महरा, र मकवानपुर राक्सिराङ गाउँपालिका-३ बस्ने ४५ बर्षीय बुदेलाल डिम्दुङ रहेका छन् ।

उनीहरुलाई प्रहरीचौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरीटोलीले बुधबार विहान पक्राउ गरेको हो । पूर्वपश्चिम राजमार्ग अन्तर्गत वीरगञ्जबाट आउँदै गरेको ना ८ ख ७३४६ नम्बरको यात्रुबाहक बसमा सवार चारजनाले बोकेको झोला चेकजाँच गर्दा लागुऔषध गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

यसैगरी, हेटौंडा-१५ रोतोबाटेबाटै १ हजार ४ सय ९८ एम्पुल लागूऔषध डाईजेपाम सहित बसको सहचालक पक्राउ परेका छन् । पूर्वपश्चिम रागमार्ग अन्तर्गत वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००१ ख २३९८ नम्बरको यात्रुवाहक बसको सहचालक पर्सा धोविनी गाउँपालिका वडा नं. ४ बस्ने २२ बर्षीय साकिर खानलाई लागुऔषध सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीचौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरी टोलीले बिहिबार साँझ शंका लागेर खानतलासी गर्ने क्रममा बसका डिक्की भित्र चामलको बोरामुनी लुकाईछिपाई ल्याइएको अवस्थामा लागुऔषध बरामद गरेको हो । प्रहरीका अनुसार लागुऔषध डाईजेपाम ५०० एम्पुल, फेनारगन ४९८ एम्पुल, नुफिन ५०० एम्पुल फेला परेको हो ।

# मनहरीमा प्रधानाध्यापक नियुक्ति गर्न कार्यबिधि पारित

साझाकुरा संवाददाता

हेटौंडा, २० साउन/ मनहरी गाउँपालिकाको कार्यपालिका बैठकले सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्त गर्न कार्यबिधि पारित गरेको छ ।

प्रधानाध्यापक नियुक्त तथा शिक्षक व्यवस्थापनसम्बन्धी कार्यविधि पारित गरेको हो । मनहरी गाउँपालिकाले सामुदायिक विद्यालयका प्रधानाध्यापक सरुवा गर्ने निर्णय गरेपछि यसको चौतर्फी बिरोध भएको थियो । १९ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकले सामूहिक राजीनामा दिने निर्णयगरेका थिए ।

१६ साउनमा बसेको कार्यपालिका बैठकले कार्यविधि पारित गरेको प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले बताए ।

गाउँकार्यपालिकाको बैठकले शिक्षक सरुवा तथा प्रधानाध्यापक नियुक्तिसम्बन्धी कार्यविधि २०८० पारीत गरेको श्रेष्ठले बताए । भदौ लाग्नेबित्तिकै शिक्षक सरुवा तथा विद्यालयमा प्रधानाध्यापक नियुक्त गर्ने बाटो खुलेको छ । हाल बर्षेबिदाका कारण सामुदायिक विद्यालयहरु बन्द रहेका छन् ।

सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्ने अभियान सफल बनाउन पहिलो चरणमा १८ वटा प्राथमिक विद्यालयका प्रधानाध्यापक सरुवा गर्ने तयारी भइरहँदा सामाजिक संजालमा ब्यापक रुपमा बिरोध भएको थियो ।

गाउँसभाको १३ औं अधिवेशनबाट नीति तथा कार्यक्रममा समेटिएको विषयमा कार्यविधि तयार पारी आवश्यक कार्यान्वयनको प्रक्रियामा रहेको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी दिए ।

सामुदायिक विद्यालयका शिक्षक सरुवा गर्ने र प्रधानाध्यापक छनोटका लागि आगामी भाद्रदेखि कार्यान्वयन गर्ने प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले बताए ।

हाल विद्यालयले प्रथम त्रैमासिक परीक्षा सम्पन्न गरी वर्षेबिदा दिएको र आगामी भदौ १ गतेदेखि विद्यालय खुल्ने छ । सबै विद्यालयमा यो कार्यविधि लागू गरिने श्रेष्ठको भनाई छ ।

**खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !**

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,

मोवाईल नं. ९८४५८०८४०२

**बाढीपहिरोबाट जोगिऔं**

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:

- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना